# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक २२, २०७८ मंसिर २८ मंगलवार (Jhuleni Post Weekly) 14 Dec. 2021 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


## उत्खनन्को पर्खाइमा तामाखानी

**एलबी थापा**

**झुलेनी पोष्ट, प्यूठान**

जिल्लाको उत्तपुर्वि स्थानमा रहेको तामाखानी उत्खनन्को पर्खाइमा छ । भौगोलिक रुपमा बिकट भएकै कारण यहाँको तामाखानी ओभ्रेलमा परेको हो । गौमुखी गाउँपालिकाको पुजा जाडागाउँको कदमचाल भिरको तामाखानी भौगोलिक बिकटताका कारण प्रचारमा नआउँदा संरक्षणमा सरोकारावालाको ध्यान पुग्न सकेको छैन । बिक्रमको १२ औं शताब्दीदेखि १८ औं शताब्दीसम्म स्थानीय प्रविधिबाटै गाउँलेहरुले यहाँबाट तामा निकाली प्रयोगमा ल्याउने गरेको स्थानीय बुढापाकाहरु बताउँछन् ।

यहाँकै खानीबाट परापुर्वकालमा तामा निकाली स्थानीय रुपमा प्रयोग गरी बनाइएका गाग्रो, ताउला, रोंचे लगायतका सामाग्री अहिलेसम्म पनि गाउँलेहरुले प्रयोग गरीरहेका छन् । निजी आवाधीभित्र पर्ने तामाखानी एकिन मिति थाहा नभए पनि १८ औं शताब्दीमा तामाकै लागि सुरुङ खन्दै गर्दा खानी भत्किएर पुरिंदा २२ जनाको एकै पटकमा मृत्यु भएपछि यो ठाउँमा तामा निकाल्न तत्कालीन राजाले बन्द गराएका थिए । त्यसबेला तामा निकाल्न खनिएको सुरुङ र माथीबाट सुरुङ अड्याउन प्रयोग गरिएको साल र खमारीका टेकासा अँझै पनि सुरुङभित्र जस्ताको तस्तै देख्न सकिन्छ। बिना प्रविधि स्थानीय सामाग्रि प्रयोग गरेरै पुर्खाले सजिलै तामा निकालिएको यो ठाउँमा अहिलेको विकसित प्रविधि प्रयोग गर्न सकेमा करोडौं मुल्यको तामा निकाल्न सकिने स्थानीय वडा अध्यक्ष टुक बहादुर के.सी.ले बताए । 'सुरुङ भित्र पसेर निकालीएको ढुंगा तामा र सुनको जलप लगाएको जस्तो देखिन्छ' उबले भने, 'यहाँ आउने सबैले एक दुइवटा तामाको ढुंगा चिनोका लागि लगेरै जाने गरेका छन् ।' तामा र सुन खानीको खोजतलासका लागि खानी तथा भू-गर्भ बिभागबाट थुर्पै पटक अवलोकनका लागि आएपनि अवलोकन रिपोर्ट सार्वजनिक भएको छैन । स्थानीयले तामाखानी संरक्षण गर्न 'तामाखानी संरक्षण समिती' गठन गरेपनि त्यसले आर्थिक अभावमा प्रचार प्रसार गर्न गर्न सकेको छैन । यातायातको असुविधा भएकाले जिल्लाका सरोकारावाला कोहिँ पनि यहाँ नआउने स्थानीयको गुनासो छ । समितिका संयोजक समेत रहनुभएका स्थानीय दुजमान सुनारले भने, 'दुई/चार जना चिनियाँ आएर खानी



गौमुखी ४ पुजामा अवस्थित तामाखानी अवलोकन गर्दै स्थानीय। तस्बिरः एलबी

बाँकि ३ पेजमा.....

## देवाली हेर्न गएका युवक मृत फेला

नौबहिनी गाउँपालिका ८, लुप्लुङमा एक जना युवकको मृत भेटिएका छन् । लुप्लुङ देखि तल धुवाखर्क नजिकै खोलामा प्यूठान न.पा. ८, का मोहन महतरा आइतवार मृत भेटिएका हुन् । मृतक महतरा शुक्रवार राती लुप्लुङको दिवाली हेर्न गएका थिए । मेलामा राती दुई समुह बिच झडप भएको थियो । मृत भेटिएका युवक झडप भएको २ घण्टापछि सम्पर्क बिहिन भएका थिए । मृत अवस्थामा भेटिएका युवकको शरीरभरी चोटपटक लागेकोले हत्या गरी भिरबाट फालेको आफन्तहरुले बताएका छन् । घटनाको बारेमा प्रहरीले अनुसन्धान थालेको जिल्ला प्रहरी कार्यालय प्यूठानका प्रहरी नायव उपरिक्षक सत्यनारायण थापाले बताए । घटनामा संलग्न रहेको अभियोगमा प्रहरीले २ जना युवकलाई पक्राउ गरी अनुसन्धान थालेको उनले बताए ।

### जीवनको रङ्ग

## ४२ वर्ष तामाको भाँडा बनाएरै बित्यो

**तेजेन्द्र बि.एम.**

**झुलेनी पोष्ट**

बिहानै झिसमिसेदेखि राती अवेरसम्म यहाँका लिला बहादुर टोमटा तामाका भाँडा कुदिरहेका हुन्छन् । पुराना तामा गलाएर नयाँ भाँडा बनाउँदै आएका उनले ४२ वर्षदेखि यहि पेशा गरीरहेका छन् । ५६ वर्षिय टोमटाको जिविकोपार्जन यहि पेशाबाट चलीरहेको छ । तुलसिपुर उप-महानगरपालिका-८, डुढेना निवासी उनले प्यूठान नगरपालिका २, क्वाडीमा न्यु दङ्गाली भाडा पसल खोलका छन् ।

सानै उमेर देखि आफ्नो बुवासंग काम सिकेका उनले १४ वर्षको उमेर देखि नै तामाका भाँडा बनाउन थालेका हुन् । २०३६ साल देखि ३ वर्षसम्म दाङको कोइलाबासमा उद्योग चलाएका उनीसँग त्यसपछि सुर्खेत, सल्यान, दैलेख, रोल्पा लगायतका जिल्लामा पनि तामाका भाँडा बनाउने उद्योग चलाएका थिए । ब्यवसाय बिस्तार खोज्दै हिँड्ने क्रममा उनी २०४९ सालमा प्यूठान आएका हुन् । जिल्लाको भिंगृमा उद्योग चलाएका उनी अहिले क्वाडीमा उद्योग सञ्चालन गरीरहेका छन्। उद्योगबाट पाला, माना, पाथी, लोटा, आम्खोरा, फिल्टर, कोशि (आरी), गाग्रि, ताउलो, रोचे (हुन्दा), बाजा, ट्र्याम्की, भौंकर, नरसियाँ लगायतका सामान बनाउँछन् । उनिसँगै श्रीमती साबित्राले पनि यो उद्योगको काममा सघाउँदै आएकी छिन्। अहिले बिरलै मात्रामा देखिने तामाका भाँडा बनाउने पेशामा नयाँ युवा पुस्तामा पुस्तान्तरण नहुँदा भने यिनीहरु चिन्तित छन् । आफूहरुले यहि पेशा गरेर जिविको चलाउँदै आएपनि परम्परागत पेशा लोप हुँदै गएको बताए । आफ्नै ३ भाई छोराहरुले



प्यूठान क्वाडीमा तामाका भाँडा बनाउँदै लिला बहादुर टोमटा । तस्बिर : तेजेन्द्र

बाँकी ३ पेजमा.....

### हाम्रो नजर

## सफारीमा जोखिमपुर्ण यात्रा



चेरनेटाबाट बरौंला जाँदै गरेको सफारीमा जोखिमपुर्ण यात्रा गर्दै गराउँदै ।

*ग्रामिण क्षेत्रका कच्चि बाटोमा चल्ने सवारी साधनहरुमा यात्रुहरुको चाप बढि छ। तर ग्रामिण क्षेत्रमा मात्र नभएर शहरि क्षेत्रमा पनि यात्रुहरुमा एउटै समस्या छ। सर्वसाधारण जोखिम मोलेरै यात्रा गर्न तयार छन् भने चालकहरु पनि जोखिम मालेरै चलाउन बाध्य छन् । धेरैजसो ग्रामिण क्षेत्रमा चल्ने सफारी र पिक अप जिपमा उकुस-मुकुस हुदै यात्रुहरु सवार गर्छन् । सिट क्षमता भन्दा बढि मात्र होइन, ज्यान नै जोखिममा राखेर गाडिका छतमा समेत यात्रुहरु सवार हुन्छन्। ग्रामिण क्षेत्रका गाडि चालकहरुले ट्राफिकको आँखा छल्दै यात्रुहरु सवार गराउँछन् भने यात्रुहरु पनि प्रहरीको आँखा छलेर चेकिङ पोष्टमा पैदल हिड्ने गर्दछन् ।*

*यस्तो जोखिम यात्रामा सर्वसाधारण सहित जान्ने बुझ्ने ब्यक्ति पनि चढीरहेका हुन्छन्। गाउँ ठाउँमा ट्राफिक प्रहरी नहुनु र प्रयाप्त यात्रु वाहक सवारी साधन नचल्दा यस्ता समस्या दोहोरीरहेका छन्। यात्रु, चालक र सवारी धनी सबैलाई जोखिमपुर्ण यात्रा हो भन्ने थाहा हुँदा हुँदै पनि वास्ता गरीरहेका हुदैनन्। प्रहरीको आँखा छलेर यात्रा गर्नुभन्दा सबै नागरिक आफै जिम्मेवार बन्न जरुरी हुन्छ । यात्रु चढ्यो भनेर कोचाकोच गराउने सवारी चालक र जोखिम नै हो भन्ने थाहा भएर पनि चढ्ने यात्रु दुबै गैर जिम्मेवार हुन् ।*

## तपाईको मास्क खै ?



इलाका प्रहरी कार्यालय विजुवारले निशुल्क मास्क वितरण गर्दै ।

*पछिल्लो २ वर्षदेखि कोभिड-१९, कोरोना संक्रमणले विश्वभरका नागरिकलाई ग्रसित बनायो । नागरिक आफै जिम्मेवार नहुँदा धेरैले ज्यान समेत गुमाउनुपर्‍यो। मास्क लगाउने, सेनिटाइजरको नियमिति प्रयोग गर्ने तथा सावुनपानीले मिचि मिचि हात धुन पनि प्रहरीले भन्नुपर्ने अवस्था थियो । तर यो वर्ष पनि विश्व स्वास्थ्य संगठनले "ओमिक्रोन भेरियन्ट" लाई "भेरियन्ट अफ कन्सर्न" मा नामकरण गर्दै संसारमा "खतराको घन्टी बजेको" चेतावनी दिएको छ । ओमिक्रोन भेरियन्ट भाइरसको बाहिरी सतहमा रहेको स्पाइक जीनमा बत्तीस (३२) वटा उत्परिवर्तनहरु आनुवंशिक अध्ययनले पुष्टि गरेको छ ।*

*यसको संक्रमण नेपालमा पनि विदेशबाट आएका २ जना नागरिकलाई भेटिएको पुष्टि भएको छ । यसैकारण प्रहरीले विगतमा जस्तै तपाईको मास्क खै अभियान चलाएको छ । जिल्ला प्रहरी कार्यालय प्यूठान लगायत मातहतका इकाइका कार्यालयहरुले निशुल्क मास्क वितरण गर्नेदेखि लिएर मास्क नलगाउनेहरुलाई सचेत गराउँने अभियानको थालनी गरेको छ । प्रहरी देख्ने बित्तिकै मास्क लगाउने नागरिक आफै जिम्मेवार बन्न जरुरी छ । मास्क प्रहरीका लागि लगाइदिने नभएर स्वयम आफ्नो सुरक्षाका लागि मास्कको प्रयोग अनिवार्य हो । सबै नागरिक आफ्नो सुरक्षाका लागि जिम्मेवार बनौं, सचेत रहौं, आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।*

झुलेनी पोष्ट

सम्पादकीय ....

## गुट उपगुटको राजनीतिले राम्रो गर्दैन


*जीवनभर कांग्रेसको राजनीति गरेका वरिष्ठ नेता रामचन्द्र पौडेल १४ औं महाधिवेशन चलिरहेका बेला आँसु झार्दै अधिवेशन स्थल छाडेर घर पर्कन पऱ्यो । कांग्रेसको मूल्य, मान्यताप्रति सधैं अडिग रहेका उनी पार्टीको दोस्रो नेता र सरकारको उपप्रधानमन्त्री भए । तर, पार्टी र सरकारको पहिलो पदमा नपुगी राजनीतिक जीवनको उत्तरार्द्धमा निराश हुनु परेको छ । जे देखे, त्यो बोलेका कारण गुट, उपगुट र सत्ता स्वार्थका कारण पार्टीको कार्यकारी पदबाट बिदा लिनुपर्ने अवस्थामा पौडेललाइ आएको हो । उनको झन्डै ६ दशकको सक्रिय राजनीतिक यात्रामा बिराम लागेको छ । सधै इमानदार नेताकोरुपमा स्थापीत कांग्रेसका संस्थापक नेताद्वय गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई जीवनको उत्तरार्द्धमा पार्टीमा यस्तै नियती भोग्नु परेको थियो ।*

*त्यो बेला तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले लिएका नीति र कार्यशैलीगत व्यवहारका कारण जसरी सिंह र भट्टराईले पार्टीबाट अलग हुने बाटो रोजे, करिब त्यस्तै नियतिमा पुगेका छन् पौडेल पनि । त्यतिबेला सिंह र भट्टराईको गुनासो गिरिजाप्रसादसँग थियो । पौडेलको गुनासो सिंहपुत्र प्रकाशमान र गिरिजाप्रसादका भतिज शेखरप्रति छ । सधै शेरबहादुरसंग लड्न उस्काउनेहरुले  पौडेललाई साझा उम्मेद्वार बनाउन चाहेनन् र सहयोग गरेनन् । उनीहरूको महत्वाकांक्षाको सिकार बन्न परेको भन्दै पौडेलले चित्त दुखाएका छन् । संस्थापन बाहेकबाट साझा उम्मेद्वार बन्न नसकेकाले आफू 'दलदल' मा फस्न नचाहेको भन्दै आँशु झारेका छन्  ।*

*राष्ट्रिय राजनीतिको भूमिकामा रहिरहने उद्घोष गरेका उनले पार्टी जीवनको प्रतिस्पर्धामा अब नफर्कने सन्देश छाडेका छन् । पौडेललाई एक पटक पार्टी र सरकारमा पहिलो भएर केही गरौं भन्ने हुटहुटी थियो । शेरबहादुर देउवा पाँच पटक प्रधानमन्त्री र कांग्रेस (प्रजातान्त्रिक) सहित दुई पटक पार्टीको सभापति बन्दा पौडेलले भने पार्टी र राज्यसत्ताको पहिलो पद कहिल्यै पाउन सकेनन् । उमेरले पौडेल ७७ वर्षमा लागेका छन्  । २०६५ सालमा उनले प्रधानमन्त्रीका लागि सत्र पटक प्रतिस्पर्धा गरेका थिए । त्यसमा उनको कमजोरी थिएन, तत्कालीन संवैधानिक व्यवस्थाका कारण उनले सत्र पटकसम्म प्रतिस्पर्धामा उत्रिनु पऱ्यो तर पनि प्रधानमन्त्रीका रूपमा सिंहदरबार प्रवेश गर्न सकेनन् । २०१७ सालपछि राजनीतिमा सक्रिय पौडेल २०४४ बाटै पार्टीको केन्द्रीय सदस्य भएका हुन् । आफैंले नेतृत्व गरेको समूहमा सभापतिका दुई जना उम्मेदवार भएपछि पौडेल कहाँ रहन्छन् भन्ने उत्सुकता छ । उनी जहाँ रहे पनि अब उनले सम्हालेको समूहको नेतृत्व सिंह वा कोइराला परिवार कसले लिने भन्ने मुख्य प्रतिस्पर्धी हुने छ ।*

# राजनीतिक सन्न्यासी रामचन्द्र

> रामचन्द्र पौडेल नयाँ बानेश्वरमा बसेका साथीहरुलाई छाडेर सानेपामा लुक्न नगएका भए, यसअघि नै पार्टी सभापति र प्रधानमन्त्री भइसकेका हुने थिए। उनको राजनीतिक अवसानको प्रारम्भ त्यहीँबाट भएको थियो।



**डा. सुरेश आचार्य**

नेपाली कांग्रेसको राजनीतिबाट रामचन्द्र पौडेलले ७७ वर्षको उमेरमा सन्न्यास लिएका छन्। १३औं महाधिवेशनमा पराजित भइसकेपछि पौडेलको राजनीति लगभग त्यही बेलादेखि समाप्त भएको थियो। २०७४ को आमनिर्वाचनमा पराजय भएपछि प्रधानमन्त्री बन्ने झिनो आशामा पनि अवरोध खडा भयो। धेरैलाई रामचन्द्रको सभापतिमा उम्मेदवारीको आकांक्षा स्वाभाविक लागेको छ भने त्यसको एउटै कारण हो, अघिल्लो महाधिवेशनमा उनी सभापतिका प्रतिस्पर्धी थिए र पराजित भएका थिए। यसको अर्को कारण थियो, शेरबहादुर देउवा तीनपटक कोइराला विरुद्धको प्रतिस्पर्धामा पराजित भएका थिए र चौथोपटक उनको विजय भएको थियो। तर,रामचन्द्रप्रति शुभेच्छा राख्ने कसैले उनको राजनीतिक आधारका बारेमा सोच्न वा बहस गर्न चाहेको देखिएन। रामचन्द्र पौडेल नयाँ बानेश्वरमा बसेका साथीहरूलाई छाडेर सानेपामा लुक्न नगएका भए सम्भवतः यसअघि नै पार्टी सभापति र प्रधानमन्त्री भइसकेका हुने थिए। उनको राजनीतिक अवसानको प्रारम्भ त्यहीँबाट भएको थियो। यद्यपि,कोइराला परिवारबाट उनले पाउन सक्ने जति लाभ पाएकै हुन्। जीवनमा पहिलोपटक प्रधानमन्त्रीको उम्मेदवार बन्ने अवसर साथीहरूलाई धोका दिएबापतको बक्सिस थियो। यो बेग्लै कुरा हो कि १७औंपटकसम्म नजितिने चुनावको आकलन गरेर नै उनले यो अवसर पाएका थिए। पछि कार्यवाहक सभापति र त्यही विरासतमा सभापतिको उम्मेदवारसम्मको अवसर पौडेललाई मिल्यो। सभापतिमा भएको पराजय उनको राजनीतिक जीवनको उच्चतम उपलब्धि हो र यो नै उनको स्वाभाविक अवसानको मार्ग थियो।

यसको कारण उनले आफ्नो मैदान आफैं बनाएनन्। अरूको विरासतमा टेकेर आफ्नो राजनीतिक उत्कर्षको आकांक्षा उनमा रह्यो। त्यो विरासत यथार्थमा उनको थिएन। किसान पेसाबाट आएका रामचन्द्रले कांग्रेस राजनीतिको जमिन त पाए, तर मोहीका रूपमा मात्र। आज उनको जमिन खोसिएको होइन, फिर्ता भएको मात्र हो। मोहीले आधा पाउने अंश उनको कार्यवाहक सभापति तथा प्रधानमन्त्री र पार्टी सभापतिको उम्मेदवारीमै सकिएको थाहा नपाउनु उनको कमजोरी हो। राजनीतिमा ठीक समयमा उचित निर्णय लिन नसक्ने नेताको अवस्था जे हुन्छ, केवल रामचन्द्र पौडेलका हकमा त्यही भएको छ।

पार्टीमा गुटको अन्त्य गर्छु भनेर सभापतिका उम्मेदवार भएका पौडेल हारपछि कोइराला गुटका नेता मात्र बनेर रहे र उनले गुटको निरन्तरतालाई नेता कार्यकर्ताको संरक्षणका रूपमा अपव्याख्या गरे। गुटलाई निरन्तरता दिनु नै थियो भने उनले आफ्ना कार्यकर्ता तयार गर्नु सक्नुपर्थ्यो। तर उनका आफ्ना कार्यकर्ता कोही रहेनन्। आज उनका नाममा गोहीको आँसु चुहाउने समेत कोही देखिएनन्। अनि उनले कुन नेता र कार्यकर्ताको संरक्षण गरेको थिएँ भनेर आत्मरति गर्नु? उनको भूमिका नेतृत्वको गोडा तान्नमा मात्र सीमित रह्यो। उनले आफ्नो सम्पूर्ण शक्ति हरेक सार्वजनिक मञ्चमा कांग्रेस नेतृत्वलाई कमजोर र नालायक देखाउनमा मात्र खर्च गरे। उनले संगठन विस्तारमा सहयोग गरेनन्। कार्यकर्तालाई उत्प्रेरित गर्ने खालका कुनै काम वा गतिविधि गरेनन्। आज वक्तव्य दिएर कांग्रेसबाट सन्न्यास लिँदै गर्दा पनि शेरबहादुर देउवा प्रधानमन्त्री भएकामा कुण्ठा व्यक्त गर्न छाडेनन्। उनले वक्तव्यमा कांग्रेसलाई सत्ताको भऱ्याङमा सीमित गरिएको र सत्ता विचलनबाट हात लागेको सत्तामा रमाइरहेको टिप्पणी गरेका छन्। उनको यो टिप्पणी प्रस्ट रूपमा शेरबहादुर देउवाप्रति लक्षित छ। कांग्रेसले निर्वाचन पछिको पाँच वर्ष सत्तामा जाने प्रतिबद्धता नै व्यक्त गरेको हो। रामचन्द्रले भनेझैं सत्ताको विचलनबाट सत्ता नलिनका लागि शेरबहादुरले आफूलाई बरु निर्वाचनको पक्षमा उभ्याएको हो। तर जब संविधानको चरम दुरूपयोग बढ्यो, त्यसपछि मात्र कांग्रेसले सत्ताको सम्भावित बाटो रोज्नुपऱ्यो।  कांग्रेसले यो निर्णय गर्दैगर्दा रामचन्द्रको कुनै प्रतिवाद थिएन। आज शेरबहादुर नेतृत्वको सरकार चल्दै गर्दा रामचन्द्रमा फेरि चिडचिडाहट आएको छ। आफू प्रधानमन्त्री र पार्टी सभापति बन्ने सपना एकैपटक चकनाचुर हुँदा रामचन्द्रको पीडा बुझ्न कठिन छैन।

यही संकीर्ण मानसिकताका बीच उनले जेजति प्राप्त गरे, त्यो उनको राजनीतिक कदभन्दा कम उपलब्धि होइन। आज राजनीतिक अवसानमा आइपुग्दा फेरि एकपटक रामचन्द्रलाई संस्थापक नेताहरू बिपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईको आदर्श र मूल्यको सम्झना भएको छ। बिपीले छाडेको राजनीतिक विरासतलाई जोगाएर मुलुकमा प्रजातन्त्र फर्काउने गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईको अपमान गऱ्यो र पार्टीबाट पलायन जसले बनायो,त्यही जमिन टेकेर रामचन्द्रले आजसम्मको राजनीति गरेका होइनन्? कृष्णप्रसादले छाडेको आदर्शमा अरूको कुरा छाडौं,रामचन्द्रले कार्यवाहक चलाएको कांग्रेसको निरन्तरता थियो? त्यसअघि त्यही आदर्शमा चलेर देउवामा कांग्रेस हस्तान्तरण भएको हो? आज रामचन्द्रले गणेशमान र कृष्णप्रसादलाई सम्झँदा ग्लानि हुनुपर्ने होइन र? राजनीतिबाट सन्न्यास लिँदै गरेका रामचन्द्रप्रति यति कटाक्ष गर्नुपर्ने कारण उनका आफ्नै अभिव्यक्ति हुन्। उनी लोकतन्त्रको मूल्य र मान्यताका कुरा गर्न जति रमाउँछन्, त्यति लोकतान्त्रिक संस्कार बोक्न सकेका भए उनको उचाइ योभन्दामाथि उठ्न सक्थ्यो। उनको निष्ठा र समर्पणमा कसैले प्रश्न गर्दैन तर प्रवृत्तिगत रूपमा उनलाई महान् र उदार ठान्ने कांग्रेस कार्यकर्ता पाउन कठिन छ। आफूलाई केन्द्रमा राखेर अरूप्रति दृष्टिकोण बनाउने कमजोरीबाट उनी कहिल्यै माथि उठ्न सकेनन्। त्यसैले कांग्रेसमा उनको आफ्नो जमिन बाँकी रहेन,जसको उनी हकदार थिए। आफ्ना लागि अरूले त्याग गरिदिए कांग्रेस एक हुने र अरू हारेर आफू जित्न पाए कांग्रेस आदर्श र मूल्यको पार्टी बन्ने जुन संकीर्ण सोच रामचन्द्रमा रह्यो, त्यसले उनलाई यतिमै सीमित गरिदियो। आफू लडेको लोकतन्त्रका लागि र अरू लडेको सत्ताका लागि देख्ने दृष्टिदोषबाट मुक्त हुन नसक्नु नै उनको कमजोरी रह्यो।

रामचन्द्रका लागि अब कुनै पद रहेन, जहाँ रहेर उनले कांग्रेसलाई योगदान गर्न सकून्। सभापतिमा 'त्याग' गरेर उनले अब सदस्य मनोनित हुने आकांक्षा पक्कै राख्ने छैनन्। प्रतिस्पर्धाको मैदान छाड्दै गर्दा पार्टी र राष्ट्रमा देखिएका विकृति र गलत प्रवृत्तिविरुद्ध लड्ने उनको प्रतिबद्धताको सम्मान गर्नैपर्छ। अब प्रतिक्रिया र प्रतिशोधभन्दा माथि उठेर रामचन्द्रले पार्टीमा संरक्षकको भूमिका निर्वाह गर्न आफूलाई प्रवृत्त गर्नुपर्छ। हिजोका तीता प्रसंगलाई कृष्णप्रसाद भट्टराईले झैं विस्मृतिमा राखेर भोलिको कांग्रेस र भोलिको देश सोचेर व्यवहार गर्न सक्नुपर्छ। निश्चय पनि रामचन्द्रमा विचार प्रवाह गर्ने क्षमता छ, त्यसको उपयोगमा आफूलाई लगाउन सक्नुपर्छ। कांग्रेसमा रामचन्द्रलाई सम्झँदै गर्दा संकीर्ण भन्ने आम रूपमा परेको छाप मेटेर उदार र यथार्थमा लोकतन्त्रवादी नेताका रूपमा स्थापित हुने अवसरका रूपमा राजनीतिक सन्न्यासलाई उपयोग गर्न सक्नुपर्छ।

आज गणेशमानको विरासत कोइरालाहरूमा समर्पित गराउने प्रकाशमान र भट्टराईको विरासतलाई कोइरालामा बुझाउन खोज्ने रामचन्द्र पौडेलका प्रयासलाई रोकेर शेरबहादुर देउवाले कांग्रेसलाई यहाँसम्म ल्याएका हुन्। शेरबहादुरका सयौं कमजोरी होलान्। सत्ता सञ्चालनमा कैयौं निर्णय अनुचित भए होलान् तर कांग्रेसलाई कुनै एक परिवारको विरासत वा व्यक्तिको सनकबाट जोगाउन देउवाले गरेको योगदानमा रामचन्द्रको कुनै तुलना हुन सक्दैन। यद्यपि उमेर र राजनीतिका हिसाबले रामचन्द्र र शेरबहादुर सहयात्री हुन्, सहकर्मी हुन्। रामचन्द्रले १८ मंसिर २०७७ को दमौली घटनाको जुन व्याख्या अहिले सुनाएका छन्,त्यो दिन संयोगले यो लेखक देउवासँगै थियो। शेरबहादुरले यो घटना सुन्नेबित्तिकै तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई फोन गरी तत्काल छाड्न मात्र भनेनन्, यसको परिणाम राम्रो नहुने चेतावनी पनि दिएका थिए। उनले रामचन्द्रको गिरफ्तारीबाट आफू खुसी नहुने समेत बताएका थिए।  आन्तरिक राजनीतिमा शेरबहादुर र रामचन्द्रले आफ्ना ठाउँमा प्रतिस्पर्धा गरे। यो अस्वाभाविक थिएन। तर एकलाई कमजोर देखाएर अर्को नेता बन्ने सोच कम्तीमा शेरबहादुरले गरेनन्।

*नागरिक दैनिक अनलाइनबाट साभार ।*

## गौमुखीमा स्थानीय पाठ्यक्रम

# सबै विद्यालयमा 'हाम्रो गौमुखी' पठनपाठन सुरु

**भरत आचार्य**
**झुलेनी पोष्ट**

गौमुखी गाउँपालिकामा रहेका सबै सामुदायिक एवम् संस्थागत विद्यालयको कक्षा ५ मा सोमवारदेखि स्थानीय पाठ्यक्रम ' हाम्रो गौमुखी' पठनपाठन सुरु भएको छ। गौमुखी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रममा पालिका स्तरीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७८ देखि नै लागु गर्ने भनिए बमोजिम पाठ्यक्रम तयार पारिएको गौमुखी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन पन्थले जानकारी दिए । प्यूठान जिल्लामा स्थानीय पाठ्यक्रम लागु गर्ने स्थानीय तहमध्ये गौमुखी गाउँपालिका पहिलो भएको छ।



स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि तालिममा सहभागि शिक्षकहरु।

विद्यालयमा केन्द्र सरकारले निर्माण गरेको पाठ्यक्रमले स्थानीय आवश्यकता र अपनत्वको सम्बोधन हुन नसक्ने भएकाले स्थानीय विषयवस्तुको मूल्यबोधको लागि स्थानीय पाठ्यक्रम मार्गदर्शन-२०७६, अनुसार पाठ्यक्रम तयार पारी कार्यान्वयनमा ल्याइएको हो। 'कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम विकास गरी लागु गर्ने नीति तथा कार्यक्रम भए पनि यस वर्ष कक्षा कक्षा ५ बाट सुरु गरेका छौं।', गौमुखी गाउँपालिका अध्यक्ष विष्णु कुमार गिरीले भने, 'आगामी वर्षदेखि क्रमश अन्य कक्षामा पनि कार्यान्वयनमा ल्याउछौं ।' पाठ्यक्रममा स्थानीय भूगोल र इतिहास, सामाजिक, राजनीतिक र शैक्षिक अवस्था, स्थानीय सरकार, आर्थिक क्रियाकलाप, स्थानीय सिप, प्रविधि र रोजगारी, स्थानीय प्राकृतिक स्रोत र साधन, स्थानीय जीवन पद्धति, स्थानीय विकासका पूर्वाधारहरू र विपद् व्यवस्थापन र सुरक्षा गरी १० ओटा क्षेत्र समावेश गरी विस्तृतीकरण गरिएको पाठ्यक्रम मस्यौदा लेखन समितिका संयोजक टुक बहादुर के.सी.ले बताए।

पाठ्यक्रममा साप्ताहि पाठ्यघण्टा ४ र वार्षिक पाठ्यघण्टा १२८ कायम गरिएको छ। जसमध्ये १०० पाठ्य घण्टा कक्षा क्रियाकलाप र २८ पाठ्य घण्टा प्रत्यक्ष अवलोकन तथा फिल्ड भ्रमणमा लगाउने भनिएको छ । ५०% सैद्धान्तिक र ५०% प्रयोगात्मक मूल्याङ्कनबाट कक्षा उत्तारित गर्न सकिने व्यवस्था पाठ्यक्रममा उल्लेख छ।

निरन्तर मूल्यांकन गर्नुपर्ने प्रावधान पनि पाठ्यक्रममा राखिएको छ। पाठ्यपुस्तक तयार भइ नसकेकोले एकरुपता कायम गर्ने उद्देश्यले 'हाम्रो गौमुखी' पाठ्यक्रम पठन पाठन गर्ने सबै शिक्षकलाई एकदिने पाठ्यक्रम प्रबोधीकरण तालिम समेत दिइएको शिक्षा शाखा प्रमुख ओमहरी पोखेलले बताए । शैक्षिक सत्रको सुरुमै लागु गर्न नसकिए पनि कोभिडका कारण पठनपाठन ढिलो सुरु भएकोले पठनपाठनको समय अवधिभित्र सकिने गरि कार्ययोजना समेत बनाएको पोखेलले बताए।

पाठ्यक्रम विकास र निर्माण गर्दा अपनाउनुपर्ने सबै प्रक्रियाहरू पुरा गरिएको छ । पाठ्यक्रमको मस्यौदा लेखनका लागि समाजिक विकास समितिका संयोजक टुक बहादुर केसीको संयोजकत्वमा गौमुखी माविका शिक्षकद्वय माधवराज पोखेल र जायश्वर जैसी सम्मिलित तीन सदस्यीय समिति गठन गरी कार्य गरिएको थियो। पाठ्यक्रमको मस्यौदा कार्यदल, शिक्षा समिति, सरोकारवाला पक्ष तथा कार्यपालिकासम्म छलफल पश्चात् कार्यान्वयनमा ल्याइएको हो । गौमुखी गाउँपालिकाले शिक्षामा गरेको नयाँ कार्य भएको यस सम्बद्ध

## छोटकरी

# मल्लरानीको सार्वजनिक सुनुवाई सम्पन्न



मल्लरानी गाउँपालिकाको चुँजाठाँटीमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम

**झुलेनी पोष्ट**
**प्यूठान**

मल्लरानी गाउँपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मंगलवार सम्पन्न भएको छ । सुनुवाई कार्यक्रममा कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत बालकृष्ण थापाले पहिलो चौमासिकमा भएका विकास निर्माण गतिविधि लगायतका बारेमा प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । युथ मिडिया डेभलप्मेन्ट सेन्टर नेपालको सहजीकरण गाउँपालिकाले भानुभक्त माध्यमिक विद्यालय चुजाठाटीमा सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरेको थियो। कार्यक्रममा जिल्ला समन्वय समिति प्यूठानका उपप्रमुख पदम बहादुर थापाले पालिकाको प्रथम चौमासिकमा वित्तिय प्रगति थोरै देखिएपनि त्यो सन्तोषजनक भएको बताए। उनले अवका दिनमा विकास निर्माणका कार्यलाई तीव्रता दिन पालिका परिवार लागिपर्नेमा विश्वास व्यक्त गरे । कार्यक्रममा उठेका जिज्ञासा र सवालहरुका विषयमा जवाफ दिदै गाउँपालिका अध्यक्ष अमरध्वज रानाले विरोधका लागि विरोध गर्ने प्रवित्तिको अन्त्य हुनुपर्ने बताएका छन्। गाउँपालिकाले गरेका कमि कमजोरी सच्याउन तयार रहेको बताउँदै उनले विरोधका लागि विरोध गर्ने शैलीले विकास निर्माणलाई पछि पार्ने भन्दै त्यस्तो कार्य नगर्न आग्रह गरेका थिए । गाउँपालिकाले समग्र पालिकाको विकासका लागि निरन्तर रुपमा काम गरिरहेको उनको भनाई थियो। सीमित स्रोत साधनका कारण सवै काम पुरा हुन नसकेपनि त्यस दिशातर्फ अघि बढेको अध्यक्ष रानाको दावी गरे।

### ४२ वर्ष तामाको भाँडा .....

पनि तामाका भाँडा बनाउन सिकेपनि अहिले यो पेशा गर्दैनन्। द्वन्दकालमा तामाका भाँडा मर्मत गर्न चाहिने स्वाग, रसान र भाँडाहरु खरिद गर्न नपाउँदा उनले पसल बन्द गरेर कामका लागि बिदेशिनु परेको दुखेसो सुनाए। 'पसल बन्द गर्न बाध्य भए,' उनले भने, 'नेपालमा बसेर काम गर्ने वातावरण नभएपछि २०५८ सालदेखि ८ वर्षसम्म साउदीमा बसेको हुं।'

विदेशबाट फर्केर आएपछि हातमा सिप भएकाले पुरानै पेशाको सुरुवात गरेको उनले झुलेनी पोष्टसँगको कुराकानीमा बताए। 'ठाउँ छनौट गर्दै गर्दा २०६७ भदौमा क्वाडी आएको हुँ', उनले, 'अहिले यहाँ आएको पनि १२ वर्ष पुगेछ ।' आफ्नो उद्योगमा ९ वर्षदेखि सहयोगिको रुपमा भाइ हुकुम बहादुरलाई काम गर्न राखेका छन्। यिनले उद्योगमा काम गरेवापत दैनिक १ सय देखि १ सय २० रुपैयाँ सम्म ज्याला पाउँदै आएको बताए। हुकमले दिनमा ८ देखि १० किलोग्राम सम्म भाँडा बनाउँदै आएका छन् । उद्योगबाट लिला बहादुरले मासिक सबै खर्च घटाएर २० देखि ३० हजार बचाउँदै आएको बताए। विवाहको सिजनमा काम बढी आउँदा आम्दानी बढेपनि सरदर हाल भइरहेको कामबाट उनी र उनको परिवार सन्तुष्ट छन्। 'काँचो तामा किन्न महँगो पर्छ', उनले भने, 'गाउँमा पुराना तामाका भाँडा नपाइँदा समयमै अर्डर पुऱ्याउन समस्या हुने गरेको छ।' पहिले र अहिले मेहनेत एउटै लाग्ने भएपनि तामाको महँगाइले गाउँघरमा तामाका भाँडा प्रयोगमा कमि आएको छ।

'मैले काम सिक्दा प्रति किलो १ सय २० पर्थ्यो', उनले भने, 'अहिले किलोको १ हजार ६ सय पुगेको छ।' सरकार तथा स्थानीय तहले तामाका भाँडा बनाउने पेशालाई संरक्षण र अनुदानका कार्यक्रम नल्याउँदा यो पेशा लोप हुने अवस्थामा पुगेको छ । तामाका भाँडा प्रयोग हुँदा स्वास्थ्यलाई फाइदा हुने गरेपनि सस्तोका हिसावले गाउँघरमा यसको प्रयोग हुन छोडेको छ।

### उत्खनन्‌को पर्खाइमा ....

भित्रको ढुंगा लगेका थिए तर अहिलेसम्म फर्केर आएका छैनन् ।' उनका अनुसार तामा भएको नभएको परिक्षण गरी आउने भनी ढुङ्गा लगेर गएका हुन्। गाउँपालिकामै तामाखानी भएपनि भौगोलिक विकटताले उत्खनन्मा समस्या रहेको गौमुखी गाउँपालिका अध्यक्ष विष्णु कुमार गिरीले बताए । पुर्खाहरुले तामा निकाल्ने गरेको इतिहास रहेपनि भुगर्भ विभाग लगायत सम्बन्धित निकायमा धेरै पटक परिक्षणका लागि पठाइएपनि रिपोर्ट आइ नसकेको उनको भनाई छ । यहाँ सबैभन्दा पहिले खानी भएको थाहा पाएर दाङका भरत साप्कोटाले खानी दर्ता गराएको भन्ने पहिलो पटक स्थानीयले सुनेको जग्गाधनी मतिदेवि सुनारले बताइन् । उनका अनुसार चिनीयाँहरु पनि सापकोटाकै माध्मबाट पुजाको तामाखानीमा पहिलो पटक आएका थिए । त्यस यता बल्ल तामाखानीको प्रचार हुन थालेको हो । भुरेटाकुरे राजाको पालामा तामा निकाले वापत स्थानीयले त्यतिबेलाको राज्यलाई ३२ धार्नी तामा वर्ष वर्षमा (भेज) कर तिर्नु पर्ने नियम रहेको समेत स्थानीय बुढापाकाहरुले बताउँछन्। यहाँबाट निकालेको तामाका भाँडामा बहुमूल्य धातु रहेको भन्दै व्यापारीहरुले महँगो दाममा किन्नका लागि गाउँ चाहार्दै खोज्दै आउने गरेको स्थानीय गोबिन्द बहादुर सुनारले बताए। उनले भने, 'मेरो ताउलालाई २० हजार दिन्छु भन्थे तर मैले दिइँन ।' तामाखानीको उत्खनन् र विकास गर्न नसक्दा राज्यको ठूलो धनरासी खेर गइरहेको जानकारहरुको बुझाई छ।

# बालबिवाह न्यूनिकरण गर्न चेतनामुलक कार्यक्रम

**झुलेनी पोष्ट**
**प्यूठान**

बालबिबाह न्युनिकरणको लागी प्रहरीले विद्यालयमा सचेतामुलक कार्यक्रम सञ्चालन गरेको छ। समुदाय प्रहरी साझेदारी विद्यालय सम्पर्क कार्यक्रम अन्तर्गत प्रहरी पोष्ट जस्पुर प्यूठानले आइतबार भवानिस्वर माध्यमिक विद्यालय जस्पुरमा अध्ययनरत बिद्यार्थीहरुलाई एक दिने चेतनामुलक कार्यक्रम सञ्चालन गरिएको हो । माण्डबी गाउपालिकामा जनजातीको बाहुल्यता धेरै रहेको र संस्कारका हिसावले बालबिवाह बढ्दो रहेको भन्दै यसको न्युनीकरणका लागि विद्यार्थीहरुलाई बालबिवाह गर्दा बेफाइदा बारे जानकारी गराइएको प्रहरी सहायक निरिक्षक एकराज खड्काले जानकारी दिए । उनका अनुसार बाल बिबाह, बाल बिबाहबाट हुने दीर्घकालिन असर, बाल बिबाहको कानुनी प्रकृया लगायतको बिषयमा सहजीकरण गरीएको थियो । माण्डबी गाउपालिकामा हुने



माण्डवि गाउँपालिका स्थित भवानिश्वर मा.वि.मा बालविवाहबारे सहजीकरण गर्दै प्रहरी

बिबाहको ६० प्रतिशत भन्दा बढी बाल बिबाह हुने गरेको छ। गाउँपालिका महिला तथा बालबालिका शाखाका अनुसार १० जनाको बिहेमध्ये ७ जनाको बालबिबाह नै हुने गरेको छ । बालबालिका प्रमुख सीता गौतमका अनुसार अहिले बालबालिकामा प्रयोग हुने सामाजिक सञ्जाल लगाएको प्रबिधिको दुरुपयोगले अभिबाबक भन्दा पनि किशोरकिशोरी नै आफै बिबाह गर्ने गरेको पाइएको छ। प्रहरीले सञ्चालन गरेको कार्यक्रमले बाल बिबाह न्युनिकरण गर्न सहयोग गर्ने अपेक्षा उबले ब्यक्त गरिन।

# दलभित्र मौन महिला नेता

## दलका महिलाहरूमा नेतृत्व हाँक्ने हिम्मत छ, तर प्रतिस्पर्धा गर्ने साहस छैन

सञ्चारमाध्यमदेखि संसद्सम्म लैंगिक समानताका पक्षमा सशक्त आवाज उठाउने एमाले नेता हुन विन्दा पाण्डे। दसौं महाधिवेशनमा उपमहासचिव पदमा दाबी गरेकी उनलाई अध्यक्ष केपी शर्मा ओलीले सदस्यमा सीमित गरिदिए। आक्रोशित पाण्डेले सञ्चारमाध्यममा प्रतिक्रिया दिइन्, 'म प्रतिनिधिले जानेको तर नेताले नछानेको व्यक्ति हुँ। पुरुष भएर जन्मँदा उत्कृष्ट, महिला भएर जन्मँदा त्योभन्दा अलि तल, लैंगिक अल्पसंख्यकको पहिचान बनाउँदा अमानवीय व्यवहार गर्ने व्यक्ति नेतृत्व तहमा अझै हाम्रो पार्टीमा हुनुहुन्छ।'

तिनै विन्दाले पार्टीको आन्तरिक बैठक वा महाधिवेशनस्थलमा भने विद्रोहको आवाज उठाएको सुनिएन। हारजितको हिसाबकिताब नगरी प्रतिस्पर्धामा जान तयार पनि भइनन्। बरु ओलीले इच्छाएको पदमा मनोनयन दर्ता गरिन्। र, काठमाडौं फर्किन्। एमाले महाधिवेशनले विद्यार्थी राजनीतिबाटै आन्दोलनमा होमिएकी राधा ज्ञवालीलाई कुनै पद दिन आवश्यकै ठानेन। उपाध्यक्ष दाबी गरेकी उनले पनि विरोधको आवाज उठाउने वा प्रतिस्पर्धामा जाने हिम्मत गरिनन्। अध्यक्षको सूचीमा नपरेपछि पदाधिकारीमा जान खोजेका महिलाहरू तैं चुप मै चुप भए। १९ पदाधिकारीमा अष्टलक्ष्मी शाक्य र पद्मा अर्याल मात्रै अटे।

लाग्यो, आफूलाई सबैभन्दा लोकतान्त्रिक बताउने एमालेमा पनि महिलाहरू दलभित्रको अलोकतान्त्रिक खेल र अपारदर्शी वित्त प्रणालीको सिकार भइरहेका छन्। महिला भएकै कारण राजनीतिमा टिक्न, बिक्न र नेतृत्वमा पुग्न अप्ठ्यारो छ तर बोल्यो कि फ्याँकिन्छ भनेर विद्रोह गर्न सकेका छैनन्। दलका महिलाहरूमा नेतृत्व हाँक्ने हिम्मत छ, तर, प्रतिस्पर्धा गर्ने साहस छैन। नेता-कार्यकर्ताको भीडमा उनीहरू आफूलाई सधैं कमजोर र असुरक्षित ठान्छन्। त्यसैले सबैजसो नेता महिला दलका महिला कार्यकर्ताको छनोटभन्दा दलभित्र नेता पुरुषको टीका लगाएर अगाडि बढ्न चाहन्छन्। महाधिवेशनहरू केवल नेतृत्व परिवर्तन गर्ने उत्सव मात्र होइनन्, पार्टीमा लगानी गरेका व्यक्तिहरूको छनोट र व्यवस्थापन गर्ने अवसर पनि हुन्। यस्तो अवसरमा एमाले र राप्रपामा महिला नेताहरू निरीह देखिए। महिलाका लागि आरक्षित पदमा आफूहरू बस्दा पनि पुरुष नेताहरूलाई लाज लागेन। अब माओवादी केन्द्र र कांग्रेसका महिलाहरूले पनि गुट-उपगुटको पछि लागेर पुरुष नेताको टीका थाप्ने हुन् वा आफ्नो शक्ति देखाउने हुन्, हेर्न बाँकी छ। यद्यपि ती दलमा पनि सक्षम र योग्य महिला नेतृत्वमा पुग्ने तयारी नै भएको छैन। प्रतिनिधि छनोटदेखि नेतृत्वसम्म पुरुषकै हालीमुहाली छ।

पुरुष नेताहरूमा पदाधिकारीमा जान तँछाड-मछाड छ। आफ्नो वर्चस्व देखाउन गुटगत भेटघाटमा जुटेका छन्। तर, आरक्षणमा खुम्चिएका महिला नेताहरूले भने पदाधिकारीमा जाने स्पष्ट दाबीसमेत गर्न सकेका छैनन्। त्यसैले आशा गरे पनि भर पर्ने ठाउँ देखिन्न। लाग्छ, दलहरूलाई भोटका लागि मात्र महिला चाहिने हुन्, नेतृत्वका लागि होइन। राजनीतिक दल दर्तासम्बन्धी कानुन-२०७४ ले दलभित्रका सबै कमिटीको हरेक तहमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व अनिवार्य गरेको छ। तर, कानुनले सुनिश्चित गरेको मापदण्डलाई दलहरूले कार्यान्वयन गर्दैनन। सबैजसो दल लैंगिक रूपमा असमावेशी छन्।

निर्वाचन आयोगले बेलाबेलामा दलहरूलाई पत्राचार गरेरै यसबारे सम्झाउने गरेको छ। बल्लतल्ल सदस्यमा समावेशिता अपनाएका दलहरूका नेताहरूले पदाधिकारीमा महिला लैजानै मानेका छैन। यो वा त्यो भनेर महिलालाई नेतृत्व तहमा जान रोकिरहेका छन्। देशको शासन व्यवस्था परिवर्तन गर्न होस् या राजनीति, महिला नेताहरू पुरुष नेताहरूसँगसँगै आन्दोलनमा होमिएका छन्। दलको संगठन विस्तारदेखि अनुशासन र विधान तय गर्नसम्ममा उनीहरूको योगदान छ। विडम्बना, आफ्नै दलको नेतृत्वमा

> महिला भएकै कारण राजनीतिमा टिक्न, बिक्न र नेतृत्वमा पुग्न अप्ठ्यारो छ तर बोल्यो कि फ्याँकिन्छ भनेर विद्रोह गर्न सकेका छैनन्। दलका महिलाहरूमा नेतृत्व हाँक्ने हिम्मत छ, तर, प्रतिस्पर्धा गर्ने साहस छैन ।



**अमृता अनमोल**

पुग्ने सवालमा महिलाहरू सशक्त दाबी गर्न सक्दैनन। यसको एउटै कारण हो– पितृसत्ता अर्थात् पुरुषको राज। पितृसत्ताको विरोध गर्नु पुरुषविरुद्धको लडाइँ हो भन्ने मानसिकता र महिलालाई नेता नै नदेख्ने प्रवृत्ति। दलभित्र पितृसत्ता यति जरो गाडेर बसेको छ, महिलाहरूले एकमत भएर त्यसविरुद्ध बोल्नसम्म सक्दैनन्। केही महिला महिलाका कुरा उठाउँदा पछाडि परिन्छ भनेर बोल्दैनन। धेरैलाई यस्तो कुरा राख्ने अवसरै दिइँदैन।

सबै नीतिको मूल राजनीति भएकाले दलहरूका नेता परिवर्तनका सबैभन्दा भरपर्दा संवाहक हुन्, हुनुपर्छ। तर सबैजसो दलमा अहिले विधिभन्दा व्यक्तिहरू हावी छन्। प्रतिस्पर्धाभन्दा चाकडी र व्यक्तिगत प्रभावका माध्यमले नेतृत्वमा जाने होडबाजी छ। यस्तो होडबाजीमा राम्रोभन्दा हाम्रो बन्ने प्रयास भइरहन्छ। यसैले पनि लैंगिक समावेशिताको मुद्दा ओझेलमा परेको छ। असाध्यै प्रशंसनीय भूमिका निर्वाह गर्ने महिला पनि नेतृत्व तहमा पुग्न सकेका छैनन्। नेतृत्वमा पुगेका महिलाले कस्तो भूमिका निर्वाह गरे ? त्यसको सही मूल्यांकन र परीक्षण पनि भएको छैन। पार्टी नेतृत्वमा महिला जानु भनेको शासन-व्यवस्थाको नेतृत्वमा पुग्ने बाटो तय गर्नु पनि हो। राज्य संयन्त्रमा ३३ प्रतिशत आरक्षणको व्यवस्थाले स्थानीय तहदेखि संघीय सरकार हुँदै राष्ट्रप्रमुखसमेत भएर महिलाले आफ्नो नेतृत्व क्षमता देखाएका छन्। घर र समाजसँगै सरकार चलाएका छन्। सरकार चलाउन सक्ने महिलाले दल चलाउन सक्छन । महिला छलकपट र झगडाभन्दा प्रेम र समर्पणको व्यवहार गर्छन्। त्यसैले उनीहरूले दलहरूलाई अहिलेभन्दा धेरै हदसम्म विधिमा चलाउन सक्छन्। पहिलो पटक नयाँ कामको जिम्मेवारी लिँदा पुरुषलाई पनि गाह्रो हुन्छ, महिलालाई मात्रै होइन। त्यसैले महिलालाई दल चलाउन समस्या हुन्छ भन्नु पुरुषलाई मात्रै नेता देख्ने प्रवृत्ति हो। नेताले देलान् र पाउँला भन्ने हो भने दल हाँक्ने जिम्मेवारी महिलाको काँधमा कहिल्यै आउनेछैन। त्यसैले महिला नेतृत्वमा पुग्न महिलाहरू नै बढी बोल्नुपर्छ। देशको झन्डै ५१ प्रतिशत जनसंख्या महिलाको छ। पुरुषहरू बिदेसिँदा अधिकांश घरमा महिला मात्रै छन्। ग्रामीण क्षेत्रहरूमा मेलापात मात्र होइन, जन्ती र मलामी जाने पुरुषको संख्यासमेत पुग्न छोडेको छ। तर, सबैजसो दलमा पुरुषकै हालीमुहाली छ। यो प्रवृत्तिको अन्त्य गर्न राजनीतिक दल दर्तासम्बन्धी कानुनमा पहिलो वा दोस्रो पदमा महिला राख्नुपर्ने विकल्प ल्याउनुपर्छ। राज्यका संयन्त्र राष्ट्रपति-उपराष्ट्रपति, सभामुख-उपसभामुख, स्थानीय तहका प्रमुख-उपप्रमुखलाई समावेशी बनाएजस्तै दलले मुख्य पदहरूलाई पनि लैंगिक हिसाबले समावेशी बनाउनुपर्छ। अर्को विकल्प प्रतिस्पर्धामा जानु हो। महिला नेताहरू प्रतिस्पर्धामा जान सक्नुपर्छ। दलहरूभित्रको असमावेशी प्रवृत्तिविरुद्ध बोल्नुपर्छ। दलभित्र महिलाका समस्या सुन्ने प्रभावकारी समिति बनाउनुपर्छ। हरेक समितिमा ऐनका प्रावधानहरूअनुसार महिला सहभागिता गराउनुपर्छ। त्यसबाट तल्लो तहदेखि महिलालाई नेतृत्व तहमा पुऱ्याउन जोड पुग्नेछ। आफ्नै दलभित्र महिला नेतृत्वका विषयमा एकजुट भएर आवाज उठाउन नसक्नेले बाहिर विद्रोह गर्नुको अर्थ छैन। दलभित्रै समावेशिता कायम नभए अन्यत्र परिवर्तन भए पनि त्यसको तुक हुन्न

गाउँपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जस्पुर प्यूठान

गाउँपालिकावासिलाई अनुरोध

लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खवरदारी गरौं । वातावरणमैत्री गाउँपालिका बनाउन प्रतिवद्ध वनौं । विकास निर्माणका काममा जनसहभागिता जुटाऔं । छोरा र छोरीमा भेदभाव नगरौं । बाल विवाह न्युनीकरणका लागि अभियान चलाऔं । गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
गौमुखी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लिवासे प्यूठान

प्यु.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३
झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्युठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका

# नर्सिङ क्षेत्रका विद्यमान दृष्य र चुनौती

अंग्रेजीमा नर्सिङ पेशा बारेमा एउटा रोचक भनाइ छ । 'केयर फर वान, ह्याट्स लभ । केयर फर हन्ड्रेड्स् ह्याट्स् नर्सिङ ।'

यसको अर्थ हो, एक जनाको हेरबिचार गर्नु प्रेम हो। सयौंको गर्नु नर्सिङ हो । नर्स माथि कामको चाप मात्र हुँदैन । विभिन्न व्यक्तिहरुले गर्ने प्रश्नको चाङ पनि उस्तै हुन्छन् । मैरै साथीहरु बीचमा दिनको सुरुवात कुनै न कुनै कोणमा नर्सिङ बहसबाटै हुन्छ। भर्चुअल दुनियाँ छ। संसारका जुनै भूगोलमा भएका साथिहरुसँग छिनभरमै कुरा गर्ने सुविधा हामीलाई इन्टरनेटले दिएको छ । त्यही माथि कुराकानीमा नर्सिङ कनेक्सन पनि छँदैछ ।

'नर्सिङ पढेको मान्छे । तँ आइज के विदेश' यस किसिमको सल्लाह बेला बेलामा आइरहन्छ । फेरि विदेशबाटै साथीहरुको प्रश्न आउँछन्, 'किन नआएको?' नर्सिङ स्वास्थ्य सेवाको क्षेत्रमा स्वास्थ्य सेवाग्राहीका स्तरीय, सुनिश्चित र सुरक्षित सेवा दिलाउने क्षेत्र हो। यो पेशाको कुनै राष्ट्रियता हुँदैन । विश्वका महामारी र विपत्तिहरुमा छिनभरमै एक देशका नर्सहरु अर्को देश र भूगोलमा गएर सेवा दिन्छन् । नर्सिङ भन्ने बित्तिकै अधिकांशले चिन्ने 'फ्लोरेन्स नाइटेङ्गेल' पनि यस्तै असहज अवस्थामा सेवा दिएरै चर्चामा आएकी थिइन् । आजसम्म उनकै सेवाको स्तर र प्रतिवद्धता नै नर्सिङ पेशाको मानक बनेको छ यो विश्वभरको मानक हो भन्दा पक्कै पनि गल्ती नहोला ।

विपत्तिको समयमा बाहेक अस्थायी वा स्थायी जागिर गर्नलाई नर्सिङ पेशाकर्मीहरु विदेश जाने क्रम राम्रै छ। नेपालमा त नर्सिङकै जागिर गर्न विदेश जान पाएमा खुशी नमान्ने सायद अत्यन्तै थोरै मात्रै होलान्। म त्यहि थोरैमा पर्छु। हो विदेशमा यो पेशाको छुट्टै मान सम्मान छ। सेवा-सुविधा छ। राम्रो वेतन छ । किन किन मलाई भने यी कुराहरुले तानेनन । यद्यपि अहिले आएर भने यो सबै किन भयो भन्ने एक गम्भीर प्रश्नले मनमा डेरा जमाएको छ ।

नेपालमा नर्सिङ पेशाको प्रवेश २०१३ सालबाट भएको मानिन्छ । नर्सिङ स्वास्थ्य क्षेत्रमा आफ्नो छुट्टै पहिचान र स्थान बनाउन सफल क्षेत्र भएको छ। नर्सिङ सेवामूलक पेशा हो । आफ्नै अगाडी दीर्घ रोगीहरु ठिक भएको देख्दा नर्सिङ पेशाकर्मीहरु प्रफुल्ल हुन्छन् । स्वास्थ्य सेवा पाएर उज्यालो भएका अनुहारहरुले नर्सहरुलाई पनि खुशी बनाउँछ ।

यो पेशामा प्रवीणता प्रमाणपत्रदेखि विद्यावारिधिसम्मका कक्षाहरु छन् । हाम्रै देशका यस्ता जनशक्ति उत्पादन गर्ने विश्वविद्यालय र जनशक्ति छन् । सरकारी तथा निजी अस्पताल, कलेज, विद्यालयदेखि समुदायमा सबैमा सेवा दिने पेशा हो यो ।

मलाई आफ्नै घरमा गाँस खाएर परिवारसँगै बसेर आफ्नै तर्फबाट नेपाली दाजुभाइ दिदी बहिनीहरुलाई सेवा दिनु गर्व लाग्छ । विदेश जानैपर्ने भन्ने जस्तो अहिलेसम्म लागेको छैन । देश-विदेशमा पढेर र गरेर आर्जेको सिप र सेवा नेपालमै प्रयोग गर्न पाएकोमा मलाई धेरै खुशी मिल्छ । खुशी मिल्छ भन्नुको अर्थ यो पेशामा सबै कुरा राम्रो मात्रै भएको भन्ने अर्थ पनि हैन । नेपालको नर्सिङ क्षेत्रमा धेरै समस्याहरु छन । सधै मुस्कुराइरहने अनुहार भित्रका दुःखका आफ्नै कथाहरु छन् । पीडाका आफ्नै अनुभूतिहरु छन । व्यावसायिकताको पाटो कमजोर छ ।

नेपालमा हरेक वर्ष साढे सात हजार नर्सहरु उत्पादन हुन्छन् । तर खपत हुने क्षेत्र भने साँघुरो छ। हो, हरेक वर्ष जनसंख्या बढ्छ। बिरामी बढ्छन्। त्यो अनुपातभन्दा नर्सहरुको उत्पादन धेरै भएको छ । उदाहरणका लागि एउटा नयाँ अस्पताल निर्माण भएमा सबै नयाँ नर्सहरु आवश्यक पर्छन् । नयाँले जागिर गर्न पाउँछन् ।

सञ्चालन भइरहेका अस्पतालहरुमा भने वार्षिक केही सय मात्रै नर्सिङ जागिर खुल्छन् । सरकारी सेवामा पनि सय हाराहारीभन्दा धेरैको संख्यामा हरेक वर्ष जागिर खुल्दैन । यसरी उत्पादन हजारौंमा छ । खपत भने सयौंमा मात्रै । यहि छ नेपाली नर्सिङ क्षेत्रको ठुलो समस्या । नर्सिङ उत्पादन र लोक सेवाको खपतको खाडल व्यापक ठुलो छ। यो झनै ठुलो बन्ने क्रममा छ किनभने नर्सिङ कलेजहरुको सम्बन्धन र सञ्चालन झन बढ्दो क्रममा छ ।

यहाँ अहिले नर्सिङ क्षेत्रमा स्ताताकोत्तरदेखि विद्यावारिधि गरेकाहरुलाई समेत समस्या छ । प्रवीणता प्रमाणपत्रदेखि स्नातक गरेकाहरुको झन कस्तो अवस्था होला? विशेषज्ञताको सर्टिफिकेट अहिले औपचारिकतामा सीमित जस्तो भएको छ । नेपालमा अब विभिन्न देशहरुमा प्रचलनमा आएको जस्तै नर्स प्राक्टिसनरको सञ्चालनको टड्कारो आवश्कयता देखिन्छ । नर्स प्राक्टिसनर भनेको जुन क्षेत्रमा आफ्नो विशिष्ट दक्षता छ त्यहि क्षेत्रका बिरामीहरुको सेवा गर्नु हो ।

आजकाल नर्सहरु प्रतिको साझा प्रश्न छ, 'नर्सको व्यवहार किन एति साह्रो छुच्चो ?' यो जटिल प्रश्नको उत्तर जटिल व्यवस्थापनसँग गाँसिएको छ । जब नर्सले हेर्न सक्ने बिरामीको अनुपातभन्दा धेरै बिरामीहरु हेर्ने बाध्यात्मक परिस्थिति आउँछ, तब यस्ता मानवीय समस्या र कमी कमजोरीहरु आउँछन्। एक हिसाबमा भन्ने हो भने चाहिनेभन्दा धेरै कार्य दबाब भएकाहरुबाट आउने स्वाभाविक मानवीय पक्ष हो ।

नेपालमा नर्सहरुको अवस्था बुझ्न केहि तथ्यांक हेरौं । विश्व स्वास्थ्य संगठनले भन्छ टिचिङ अस्पतालमा एक नर्सले तीन जना बिरामी हेर्नुपर्छ । सामान्य अस्पतालमा एक नर्सको भागमा पाँच बिरामीसम्म हुनुपर्छ । यो न्यूनतम संख्या हैन । अधिकतम हो। अझ गहन हेरचार गर्नुपर्ने बिरामीमा त एक नर्स एक बिरामी भन्ने छ । के यो अवस्था नेपालमा छ ?

अरु त अरु सरकारी अस्पतालमै यो अवस्था छैन। सरकारले नै कमजोरी गरेपछि निजी क्षेत्रले झन गर्ने भइहाल्यो। यस्तो अवस्था छ अहिले । नर्सिङ पेशाकर्मीको वेतनमा पनि उत्तिकै समस्या छ । १० देखि १२ लाख खर्चेर वर्षौं लगाएर पढेकाहरुको मासिक वेतन हुन्छ, दश-बाह्र हजार मात्रै । यसले कसरी धान्न सकिन्छ ? एतातिर अत्यधिक बिरामीको चाप। अर्कोतिर वेतनको अत्यन्तै थोरै व्यवस्था। यो नेपाली नर्सिङ क्षेत्रको एक गम्भीर समस्या हो ।

अर्को बिडम्बना के छ भने स्नतोकोत्तर गरेका नर्सहरुले प्रवीणता मात्रै गरेकासँग एकै तहमा काम गर्नुपरेको छ। यो नेपाली नर्सिङ क्षेत्रको विडम्बना हो । यो हुनुको मुख्य कारण कार्य विवरणको पारदर्शिता नहुनु हो । स्तानक गरेकाहरुको कार्य दरबन्दी अत्यन्तै थोरै नीतिगत तहले व्यवस्था गर्नु हो । स्नातकोत्तरदेखि विद्यावारिधि गरेका नर्सहरुको आफ्नै कथाहरु छन् । चिकित्सा शिक्षा आयोग नर्सिङ क्षेत्रको गुणस्तर निर्धारण र निरीक्षणको लागि नै जन्मिएको हो। यसमा दुइ मत छैन । आयोगले निर्धारण गरेका १ हजार २४० बिएससी नर्सिङको कोटामा औसतमा ४१ प्रतिशत हाराहारीले मात्रै उत्तीर्ण गरेका छन् । बिएनएसमा विद्यार्थी संख्या पनि निक्कै कम नै छन् । जसको प्रत्यक्ष प्रभाव निजी संस्थाहरुमा परेको छ । निजी संस्थामा काम गर्ने नसिङ कर्मचारी, शिक्षकहरुको जागिरनै धराशायी छ भन्दा पनि हुन्छ । यदि निजी संस्थाहरु बन्द गर्ने रणनीति हो भने खुल्ला रुपमा घोषणा गर्नुपर्छ । त्यस अघि त्यहाँका



शुभादेवी सापकोटा

जनशक्तिको उचित व्यवस्थापनको पाटो पनि ध्यानमा राख्नुपर्छ ।

कुनै पनि निर्णय लिनु अगाडि त्यसको सुक्ष्म अवलोकन गरेर मात्रै लिनुपर्छ । स्तरीयता नभएका सरकारीलाई सुधार गर्न र निजीलाई मापदण्ड अनुरुप अनिवार्य राख्नु आजको आवश्यकता हो । निजी क्षेत्रले पनि स्वास्थ्य क्षेत्रमा उल्लेख्य योगदान गरेकै छ। त्यही कारण बन्दभन्दा पनि सच्चा नियमनको बाटोमा जान आवश्यक छ ।

नर्सिङ क्षेत्रलाई किताबमा मात्रै सीमित गर्नु हुँदैन । यसलाई देश समाज र समुदायको हितमा प्रत्यक्ष फाइदा हुने गरी तयारी गर्नुपर्छ । त्यसको लागि विदेशमा जस्तै नर्सहरुलाई अनुसन्धानकर्ता, नर्स प्राक्टिसनर, टेलि नर्सिङ, नर्स विश्लेषक, क्लिनिकल नर्स विशेषज्ञ जस्ता विभिन्न विधामा शिक्षाको गुणस्तर बढाउन आवश्यक छ ।

अभ्यासको मात्रा बढाउँदै सरकारबाट प्रोत्साहन र हौसलाको आवश्यकता छ। यति गर्न सके मात्रै नेपाली नर्सिङ क्षेत्रले विश्व स्तरीय सेवा र उपस्थिति जनाउन सक्छ । आफ्नो भविष्यलाई एक्काइसौं शताब्दी अनुरुपको बनाउन सक्छ ।


# कोरोना भाइरसको नयाँ स्वरूप बी.१.१.५२९ ओमिक्रोन भेरियन्ट-खतराको घन्टी

**डा. सन्तोष दुलाल**

दक्षिण अफ्रिकामा कोरोना संक्रमणका नोभेम्बरमा संकलन गरिएका नमुनाको भाइरसको जेनेटिक सिक्वेन्सिङ (आनुवंशिक) अन्तर्गत अनुसन्धान र विश्लेषण गर्दा सार्स कोभ-२ को आरएनए अक्षरहरुमा उत्परिवर्तन पहिलेको डेल्टा भेरियन्ट (९ वटा परिवर्तन) को तुलनामा ३ गुणा बढी (३२ परिवर्तन) देखिएकोले छ ।

विश्व स्वास्थ्य संगठनले "ओमिक्रोन भेरियन्ट"लाई 'भेरियन्ट अफ कन्सर्न'मा नामकरण गर्दै संसारमा "खतराको घन्टी बजेको" चेतावनी पनि दिएको छ । ओमिक्रोन भेरियन्ट भाइरसको बाहिरी सतहमा रहेको स्पाइक जीनमा बत्तीस (३२) वटा उत्परिवर्तनहरु आनुवंशिक अध्ययनले पुष्टि गरेको छ ।

सार्स-कोभ-२ को स्पाइक प्रोटिनमा रहेका १२७३ एमिनो एसिड (प्रोटिनका इकाइ) मध्ये ओमिक्रोन भेरियन्टमा ३० एमिनो एसिड परिवर्तनलाई महत्वपूर्ण र गम्भीर रुपमा हेरिएको छ । साथै, १५ वटा म्युटेन्स भाइरस - कोशीका बाँधिने जेनेटिक संमचनामा (Receptor binding domain residues 319–541) हुँदा विद्यमान खोपहरूलाई




चुनौती दिन सक्ने पनि हुनसक्छ । जेनेटिक अध्ययन अनुसार फ्युरिन क्लीवेज साईटमा भएका तीनवटा उत्परिवर्तनहरूले ओमिक्रोन भेरियन्टको संक्रमण बढाउने अनुमान गरेका छन। प्राय सम्पूर्ण विद्यमान खोपहरु र संक्रमणबाट शरीरमा उत्पन्न हुने एन्टिबडीले स्पाइक प्रोटिनलाई टार्गेट गर्ने हुँदा यो भेरियन्टको स्पाइक प्रोटिनमा रहेका धेरै परिवर्तनले भाइरसलाई पूर्ण निर्मुल पार्न/मार्न नसक्ने आकलन साथ जनस्वास्थ्य विज्ञ र वैज्ञानिकहरु गम्भीर र सतर्क भएका छन् । अफ्रिका, अमेरिका, अष्ट्रेलिया/ओशिनिया, युरोप र एशिया महादेश (हङकङ - ३ केसहरू) का १७ देशहरूमा आज सम्म ओमिक्रोन भेरियन्टका कोभिड-१९ केसहरू पुष्टि भइसकेका छन् ।

**प्रारम्भिक अध्ययनले ओमिक्रोन भेरियन्टसाग सम्बधित चिन्ताका बिषयहरु उजागर गरेको छः**

१. नयाँ ओमिक्रोन भेरियन्टसँग सम्बन्धित समग्र "विश्वव्यापी जोखिम धेरै उच्च" रूपमा मूल्याङ्कन गरिएको छ ।

२. दक्षिण अफ्रिकामा देखिएका प्रारम्भिक प्रमाणहरूको आधारमा ओमिक्रोन भेरियन्ट डेल्टा भेरियन्ट भन्दा छिटो प्रसारण भइरहेको छ। यदी यस ओमिक्रोन भेरियन्टमा भएको उत्परिवर्तनले संक्रमण, प्रसारण र प्रतिरक्षाबाट बच्न सफल भए यसले गम्भीर परिणामहरू निम्त्याउन सक्छ ।

३. ओमिक्रोन कोभिड-१९ संक्रमणहरूको वास्तविक संख्या अज्ञात छ र आधिकारिक रिपोर्टहरू ठूलो मात्रामा कती देशहरुमा भाइरसको जेनेटिक सिक्वेन्सिङ (आनुवंशिक) अन्तर्गत अनुसन्धान र विश्लेषण गर्न सक्ने क्षमता, विशेषज्ञता र सक्षम छ भन्ने कुरामा धेरै निर्भर गर्दछ ।

४. देश र त्यहाँका प्रशासनले यो भेरियन्टको संक्रमण र प्रसारण रोक्न कस्ता जनस्वास्थ्यका मापन, नियम, उपायहरू र तयारी गर्छ भन्नेमा निर्भर गर्दछ । ओमिक्रोन भेरियन्टका बारेमा थप अनुसन्धानले उजागर त गर्ने नै छ । तर कोभिड-१९ बाट आफूलाई सुरक्षित गर्न जनस्वास्थ्यका नियम र नियन्त्रणका उपायहरु कडाईका साथ पालना गर्न जरुरी छ ।



# काउली खेती गर्दा जान्नै पर्ने महत्वपूर्ण टिप्सहरु

मौसमी अर्थात् बेमौसमी काउली खेती गर्नको लागि काउलीको बेर्ना उत्पादन गर्नको लागि प्राङ्गारिक पदार्थ प्रशस्तभएको खुकुलो दोमट माटो, सिचाईको सुविधा पुग्ने, प्रकाश, सापेक्षिक आर्दता र तापक्रमको अनुकूल हुने जमीनको छनौट गर्नु पर्दछ।

१- काउली समूह अन्तर्गत कस्ता र कुन कुन तरकारी वाली पर्दछन् ?

काउली वाली समूह अन्तर्गत पर्ने तरकारी वालीहरुको कलिला पात डाँठ, फूल तथा फल जस्तो देखिने जसलाई तरकारीको रुपमा उपभोग गरिन्छ। यस अन्तर्गत पर्ने वालीहरमा काउली, बन्दा, ब्रोकाउली, ग्याँठकोवी, ब्रोसेल्स स्प्राउट्, चाइनिज बन्दा आदि पर्दछन्।

२- काउली कस्तो हावापानीमा हुने तरकारी वाली हो ?

यो वाली चिसो हावापानी, जोडो मौसममा हुने वाली हो। चिसो सहन सक्ने वाली भएकोले मध्य पहाड र तराईमा जाडोको समयमा र उच्च पहाडी क्षेत्रमा गर्मी र वर्षातको समयमा खेती गरिन्छाआजकाल वेमौसमी खेती प्रविधिबाट १२ महिनै अनुसारको हावापानीमा खेती गरिन्छ।

३- काउली खेतीको लागि कस्तो माटो उपयुक्त हुन्छ ?

काउली खेतीको लागि साधारणत ५.५ देखि ६.६. सम्म पि.एच.मान भएको चिस्यान ग्रहण गर्न सक्ने र पानीको निकास भएको, प्रशस्त प्राँङ्गारिक पदार्थ भएको दोमट माटो उपयुक्त हुन्छ।

४- नेपालमा काउली खेतीका लागि राम्रो र प्रचलित स्थानीय जात कुन हो र किन ?

नेपालमा खेती गरिने जातहरुमध्ये स्थानीय जातहरुमा काठमाण्डौं लोकल सवैभन्दा राम्रो मानिन्छायसवाट छनौट गरी ज्यापू-१ र ज्यापू-२ विकसीत गरिएको छ। यिनीहरु मध्य मौसमी जातहरु हुन्।

५- काउलीका अगौटे जातहरु कुन कुन हुन् ?

काउलीका अगौटे जातहरु ४५-६० दिनमा तयार हुन्छन्। पुसा दिपाली, पुसा कात्तिकी, सिल्भर कप, स्नोमिष्टीक यस समूहमा पर्दछन्। तर लगाउने समय र पर्यावरणीय अवस्था अनुसार सिल्भर कप, स्नोमिष्टीक जस्ता जातहरुलाई मध्यम जातहरुमा राखेको पनि पाईन्छ।

६- काउलीका मध्यम र पछौटे जातहरु कुन कुन हुन् ?

मध्यम अवधिका जातहरु ६०-९० दिनमा तयार हुन्छन। स्नो किङ्ग, स्नो क्राउन, एन एस.लाइन आदि यस समूहमा पर्दछन्। पछौटे जातहरु १००-१२० दिनमा तयार हुन्छन्। स्नो वल-१६, किवोजाईन्ट जस्ता जातहरु यस समूहमा पर्दछन्।

७- काउली खेतीमा वेर्ना जर्खराउने के हो र अगौटे जातका काउलीका वेर्नाहरुलाई जर्खराउने गरिन्न किन ?

काउलीका वेर्नाहरु पहिलो नर्सरीवाट दोस्रो नर्सरमि सारी केही ठूला भए पछि मूख्य खेत वारीमा लगाउन तयार गरिने अवस्थालाई जर्खराउने भनिन्छ। अगौटे जातका वेर्नाहरु जर्खराउने गरिनन किनकी छोटो अवधिमा वाली तयार हुने हुँदा जर्खराउने समय खर्च गर्दा उत्पादन राम्रो हुँदैन।

८- काउलीको वीउ उम्रने वित्तिकै फेद कुहिएर ढल्ने मर्ने गर्दछ किन ? यसको व्यवस्थापन कसरी गरिन्छ ?

वीउ छरेपछि उम्रदै गरेको भ्रुणमा त्यसको फेदमा र वद्दै गरेको जरामा ढुसीले आक्रमण गर्दछ र विरुवा ढल्ने मर्ने समस्या उत्पन्न हुन्छ। यो रोग नलागोस भन्नका लागि वीउ रोप्नु भन्दा १५-२० दिन अगावै १ भाग फर्मलडिहाईट ५० भाग पानीमा मिसाई व्याडको माटो १० से.मि. भिज्ने गरी उपचार गर्नु पर्दछ। वीउ उम्रेपछि वेभिष्टिन वा वोर्डोमिमक्स्चरले उपचार गर्नु पर्दछ।

९- वेमौसमी रुपमा खेती गर्न कुन कुन जातहरु उपयुक्त हुन्छन् ?वढी ताप, चिसो तथा रोग कीराको प्रतिरोधी जातहरु वेमौसममा लगाउन सकिन्छ। यस्ता गुणहरु विशेषत वर्णशंकर जातहरुमा पाईन्छ। जस्तै स्नो क्राउन स्नो मिष्टिक, स्नो किङ्ग, स्नो क्वीन, स्नो डोम, सिल्भरकप, हवाईट कलाउड आदि हुन्।

१०- वेमौसमी खेती गर्न कुन कुन कुराहरुमा ध्यान दिनु पर्दछ ?

वेमौसमी खेतीको लागि तराई भन्दा मध्य पहाड र उच्च पहाड वढी उपयुक्त मानिन्छ। यसको लागि जातीय विविधता, अनुकूल वातावरणको सृजना भौगोलिक क्षेत्रको उपयोगिता जस्ता कुराहरुमा ध्यान दिनुपर्दछ

११- ब्लेन्चिङ्ग (द्यभिलअजलन) भन्नाले के बुझिन्छ र ब्लेन्चिङ्ग हुने खालका जातहरु कहिलेकाहीँ पातले छोपिदैँनन किन होला ?

ब्लेन्चिङ्ग भन्नाले काउलीको फूल (Curd) को वाहिरवरीवरी वा माथिल्लो तहका पातहरुलाई समेटी कर्ड छोपीने हिसावले वाँधि दिने तरीका हो जसले गर्दा ढुवानी गर्दा काउलीको फूल वाहिरी वातावरणमा सोफै पर्दैन र रंग परिवर्तन नभई सेतो आकर्षण नै रहन्छाकतिपय यस्ता जातहरु पनि विकास गरिएका छन् तर पनि काउली वालीलाई आवश्यक मात्राको चिसोपन र खाद्यतत्वको मात्रा पुगेन भने पात राम्ररी वद्दैनन र फूल (ऋगचम) लाई छोप्दैनन्। आफै ब्लेन्च जातको उदाहरणमा फ्रेमेन्टलाई लिन सकिन्छ।

१२- पातभित्र सुरुङ्ग वनाउने कीराले विरुवालाई नोक्सानी पुर्याउँदछ र यसको व्यवस्थापन कसरी गर्न सकिन्छ ?

पातमा सुरुङ्ग वनाउने कीरा एउटा सानो भिँगाको औंसा हो र पातहरुमा खनेर मसिनो वाङ्गाटिङ्गा सेता धर्साहरु वनाउँदछन्। यिनीहरुको व्यवस्थापन गर्न सके सम्म जैविक विषादीले नै नियन्त्रण गर्नु पर्दछ तर नियन्त्रणमा कठिनाई देखिएमा डेल्टामेथिन वा साईपरमोथिन १-२ मि.लि. प्रति लिटर पानीमा मिसाई स्प्रे गर्नु पर्दछ।

१३- काउलीको गाँठो रोग (Club root) कस्तो जमीनमा देखापर्दछ ? यसको व्यवस्थापन कसरी गरिन्छ ?

काउली वालीको गाँठो रोग अम्लिय माटोमा लाग्दछ। यो माटोमा जीवीत रहने ढुसीवाट उत्पन्न हुन्छ र यसको जीवाणु १५ वर्ष सम्म माटो रहिरहन्छ। ढुसीको कारणले जरा असामान्य रुपले डल्लो हुन्छ जराले राम्ररी काम गर्दै र उत्पादन ह्रास हुन्छ। यसको व्यवस्थापन हेतु माटोको पि.एच.मान ७.०-७.३ सम्म हुने गरी कृषि चुना प्रयोग गरी घुम्ती वाली प्रणाली अपनाउनु पर्दछ। माटोमा चुन राखी गर्मी महिनामा २ हप्ता देखि २ महिना सम्म सोलाराईजेसन गर्नु पर्दछ।

१४- किवोजाईन्ट जातको काउलीको विशेषता के छ ?

यो पछौटे जात हो, वेर्ना रोपेपछि १२०-१४० दिनमा वाली लिन सकिन्छ। यसको



स्वाद काठमाण्डौं स्थानीय जस्तै मीठो हुन्छ। यसले वढी तापक्रम सहन सक्ने हुनाले मध्य पहाडी क्षेत्रमा असार सम्म खेती गर्न सकिन्छ।

१५- काउली खेतीको नर्सरीका लागि कस्तो जमिनको अवाश्यकता पर्दछ ?

काउलीको वेर्ना उत्पादन गर्नको लागि प्राङ्गारिक पदार्थ प्रशस्तभएको खुकुलो दोमट माटो, सिचाईको सुविधा पुग्ने, प्रकाश, सापेक्षिक आर्दता र तापक्रमको अनुकूल हुने जमीनको छनौट गर्नु पर्दछ।

१६- काउली खेतीमा गोडमेल र मलखादको व्यवस्थापन कसरी गरिन्छ ?

काउलीको वेर्ना सारेको करीव ३ हप्ता पछि गोडमेल गरी झारपात हटाउनु पर्दछ। वाली अवधिमा ३ पटक सम्म गोडमेल गर्नु पर्दछ। गोडमेलको वेला २ के.जी. यूरिया प्रति रोपनि टपड्रेस गरी उप्केरा दिनु पर्दछ। अन्य मल भने वेर्ना सारेकै दिन वा सार्नु अगावै दिनु पर्दछ।

१७- काउली खेतीमा सिचाईका विधि के के छन् र कसरी गरिन्छ ?

काउली वालीमा राम्रो उत्पादन लिन सिचाईको ज्यादै महत्वपूर्ण भूमिका हुन्छ। परम्परागत रुपमा कुलो, पाइप, ट्रेडल पम्पको माध्यमबाट सिचाई गरिएता पनि हाल थोपा सिचाइको माध्यमबाट पनि सिचाई गरिन्छ।

१८- काउलीको पातमा कीराले जाली कसरी वनाउछ र यसको व्यवस्थापन कसरी गर्नु पर्दछ ?

यी कीराहरुले काउलीको पातको तल्लो पट्टिबाट सुरुङ्ग जस्तो वनाईभित्र पस्दछ र पात खाँदै जालो जस्तो वनाई दिन्छ। कीराका लार्भाहरु हरिया र हल्का गुलावी रंगका हुन्छन्। यसको रोकथाम गर्न सकेसम्म जैविक पद्धति अपनाउनु पर्दछ। तर रोकथाम गर्न कठिनाई भएमा मालाथाएन वा डाईल्करोभस २ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्नु पर्दछ।

१९- लाही कीरा काउली वालीको लागि कति हानीकारक छ र कसरी व्यवस्थापन गर्न सकिन्छ ?

हेर्दा सानो हरियो रंगको यस कीराले पात र फूलको रस चुसी नोक्सान पुर्याउनुको साथै भाइरस रोग पनि सार्ने काम गर्दछ। यसको व्यवस्थापन शुरुको अवस्थामा गाई, भैंसीको १ भाग पिसावमा १० भाग पानी मिसाई स्प्रे गर्ने, मारगोस नीम ३ मि.लि. प्रति लिटर पानीमा घोली स्प्रे गर्ने र अन्तमा नुभान वा रोगर २ मि.लि.प्रति लिटर पानीमा मिसाई छर्नाले नियन्त्रण गर्न सकिन्छ।

२०- उफ्रने खपटे कीराहरु कसरी पहिचान गर्न सकिन्छ र कसरी व्यवस्थापन गर्न सकिन्छ ?

यी कीराहरु साना आकारका उपिया जस्तै फड्कने गर्दछन्। कीरा लागेका पात, वोट हल्लायो भने खपटेहरु उफ्रेको देखिन्छ। वच्चा तथा वयस्क दुवैले विरुवा नोक्सान गर्दछन्। यसको व्यवस्थापनमा सकेसम्म जैविक विधि अपनाउनु पर्दछ तर रोकथाम गर्न कठिनाई भएमा इन्डोसल्फान १-२ मि. लि. प्रति लिटर पानीमा मिसाई २-३ पटक स्प्रे गर्नु पर्दछ।

२१- काउलीको मध्य भागमा खोक्रो र कालोपन के कारणले आउँदछ र कसरी व्यवस्थापन गर्न सकिन्छ ?

काउली खेती गरिएको जमीन अत्यधिक मलिलो खासगरी नाइट्रोजन मलको मात्रा वढी हुन, तापक्रम वढी हुन, विरुवाको घनत्व कम हुनु, वोट तीव्र गतिमा वद्नुले वोटको डाँठ फुट्ने र भित्री भाग खोक्रो हुने गर्दछ। यसको व्यवस्थापन गर्न नाईट्रोजन उचित मात्रामा प्रयोग गर्ने र वोटहरु लगाउँदा उचित दूरी कायम गर्नु पर्दछ।

२२- काउलीको पात साँगुरो भई पुच्छर जस्तो देखिने कारण के हो कसरी व्यवस्थापन गर्न सकिन्छ ?

यस्तो विकृति मोलिब्डेनम सुक्ष्म तत्वको कमिबाट हुन्छ। पातको किनारा भित्रपट्टि फर्कनु, पात वद्न नसक्नु पातको डाँठ मात्र देखिनु यसका लक्षण हुन्। यो समस्या अम्लिय माटोमा देखापर्दछ। यसको व्यवस्थापन पि.एच.मान ६.५ मा कायम राख्ने तथा एमोनियम वा सोडियम मोलिब्डेट ५० ग्राम प्रति रोपनीका दरले खेती गरिने जग्गामा प्रयोग गर्नुपर्दछ।

२३- कहिले काँही काउलीको फूल (Curd) ज्यादै सानो लाग्दछ र खान योग्य समेत हुँदैन यसको कारण के होला ? अगौटे जात ढिलो लगाएमा लामो समय व्याडमा रहेका वुढा वेर्ना रोपेमा, जमीनमा नाइट्रोजनयुक्त मल कम भएमा, विरुवा वढ्ने वेलामा सुख्खा र तातो मौसम भएमा सानो गुच्छा जस्तो फूल (Curd) लाग्दछ। यसको व्यवस्थापन गर्न जातीय गुण अनुसार समयमा विरुवा सार्ने तथा चिस्यान तथा मलजलको उचित व्यवस्था गर्नु पर्दछ।

२४- काउलीको फूल (Curd) लाई ढुवानी गर्दा कसरी वचावट गर्न सकिन्छ ?

काउलीको फूल (Curd) काट्दा माथिल्ला ३-४ वटा पात सहित काट्ने तथा ती पातहरुलाई फूल (Curd) लाई छोपी एक आपसमा जुधाएर प्याकिङ्ग गर्दा ढुवानीको अवस्थामा काउली नोक्सानी हुँदैन।

२५- काउलीको ग्रेडिङ्ग गर्ने तरिकाहरु के के हुन् ?

काउली ग्रेडिङ्ग गर्दा यसको फूलको कसिलो पन, (धेरै कसिलो, कसिला, अलिअलि फुकेको र धेरै फुकेको) साइज (धेरै ठूलो, ठूलो, मध्यम, सानो), रंग (उज्यालो क्रिमी सेतो, क्रिमी सेतो, अलिअलि पहेँलो, खैरो धब्बा लागेको) आधारमा छुट्याउने।

२६- काउली वाली ढुवानी गर्दा कुन-कुन कुराहरुमा ध्यान पुर्याउनु पर्दछ ?

प्रथमतः काउली वाली काट्ने वेलामा नै तीन चारवटा माथिल्ला पातहरु सहित काट्नु पर्दछ। ती माथिल्ला पातहरुले काउलीको फूल (ऋगचम) लाई ढाकिने गरी डोरी सुतलीले बाँधि टुप्पो तर्फ जुधाई डोको, डालो, क्रेट आदिमा प्याकिङ्ग गरेर मात्र ढुवानी गर्नु पर्दछ।

२७- काउली कुन वेला काट्न उपयुक्त हुन्छ ?

साधारणतया काउली टिप्नरकाट्न समयको ध्यान दिइन्न तर विहान शीत ओभाए पछि र साँझ पख ठण्डा भएपछि टिप्नु पर्दछ। टिपी सकेपछि घाममा नराखी छायाँदर ठाउँमा राख्नु पर्दछ।

२८- काउलीको फूल (ऋगचम) मा भुस (Riceyness) निस्कने कारण के हो र यसको व्यवस्थापन कसरी गर्न सकिन्छ ?

काउलीको फूल (Curd) को वाहिरी सतहमा भुस निस्कनेलाई भुसिले भन्ने चलन छ। यो मल दिँदा नाइट्रोजनको मात्रा वढी हुँदा, जात अनुसारको तापक्रममा घटवढ हुँदा यस्ता लक्षणहरुविकृतीहरु देखा पर्दछन्। अतः मलखाद हाल्दा सन्तुलित मात्रा मिलाई दिने र जातीय आवश्यकताहरु पुग्ने स्थानमा खेती गर्दा यस्ता समस्या आउँदैनन्।

२९- कहिले काही फूलकोपीको वीच भागवाट साना हरिया पात वाहिर देखिन्छ के कारणले होला ?

काउलीको वनस्पति वृद्धि भइरहेको वेलामा उच्च तापक्रम भएमा फूल (Curd) को वीच भागवाट साना हरिया पात वाहिर देखिन्छ जस्तै वजार भाउ राम्रो नपाउन सक्तछ। यस्तो समस्यावाट पार पाउन जात अनुसार उपयुक्त लगाउने समयमा रोप्नु पर्दछ

३०- काउली वाली काट्न तयार भयो भनी कसरी पहिचान गर्न सकिन्छ ?

काउलीको वाली टिप्न यसको फूल (Curd) छाम्दा कडा अनुभव भएपछि टिप्नको लागि उपयुक्त भयो भनी वुझ्नु पर्दछ। यसको समय वित्न साथ धेरै नरम/खुकुलो र फुस्रो हुँदै जान्छ। जात अनुसार दिन गन्तीको हिसावले पनि टिप्ने समय निर्धारण गर्न सकिन्छ।

३१- काउली कति तापक्रममा र आर्द्रतामा कति दिन सम्म भण्डारण गर्न सकिन्छ ?

साधारणत काउलीको फूल (Curd) ०-२ डि.से. तापक्रम र ९५% सापेक्षित आर्द्रतामा २०-३० दिन सम्म भण्डारण गर्न सकिन्छ।

३२- ईट बुट्टे पुतली (Diamond Back Moth) कीरा कसरी चिन्ने ? यसले काउलीवालीलाई कसरी नोक्सानी पुर्याउँछ र यसको रोकथाम कसरी गरिन्छ ?

यी पुतलीहरुका अघिल्ला पखेटामा त्रिकोणात्मक पहेला दाग हुन्छन्। पुतलीले पखेटा जोडी वस्दा ढाडमा ३ वटा ईटाबुट्टे आकार हुन्छ। लाभ्रेले खाएर पातमा धेरै प्वाल पार्दछन्। सकेसम्म भौतिक एवं जैविक तरीकाले कीराको व्यवस्थापन गर्नु पर्दछ अन्यथा फेनिड्रोथापन वा इन्डोसल्फान ३ मि.लि. प्रति लिटर पानीका दरले स्प्रे गर्नु पर्दछ।

३३- काउलीको फूलको सतहमा पानीले भिजे जस्तो खैरो हुने (Browning) के कारणले हो? यस्तो समस्यावाट कसरी वच्न सकिन्छ ?यस्ता विकृतिरलक्षणहरु वोरन सुक्ष्म तत्वको कमीले गर्दा हुन्छ।

## कविता

### देशको व्यथा



लक्ष्मी मगर "संघर्ष"

राजनितीक दलले गर्दा, नेपाल भो खोक्रो
ऐतिहासिक धरहरा, हुँदै गयो सबै थोत्रो
हाम्रो देशका जनताले, नजान्दा नि काईदा
अर्कै देशले उठाएछ, सोझोपनको फाईदा

आन्दोलन सकियो, आयो भन्थे गणतन्त्र
नीति नियम सबै भयो, ब्राह्मणको मन्त्र
केहि गर्ला सोच्थ्यौ, भए सबै एकै साथ
नेता ज्यूलाई त लागेछ नि पैसोको मात

जलस्रोतको धनि देशमा पाईदैन पानी
भएर मात्र नि के गर्नु सबैथोकको खानि
सत्तामा बस्ने नै पैसामा बिक्न थालेपछि
कसको के लाग्छ र गधालाई पालेपछि

सत्ताभित्र जुन गए त पनि हुदैन भो पार
जनताले मात्रै खेप्नुपर्ने शोषितको मार
राजनितीमा छिर्दा रैछन सबै उस्तै खाले
देश बनाउनु सातो अंशबन्दा गर्न थाले

कुम्लाउने गर्छन सबै श्रोतहरु भएजति
राजनीतिकै कारण बिग्र्यो देशको गति

राजा हुदा हामिलाई त शान्ति थियो बरु
हुदैन थियो हिंसा अन्याय अत्याचारहरु
अपराधिहरु पनि पैसा दिदै छुट्ने गर्छन
अन्यायमा पर्नेहरु आशै आशमा मर्छन

खानमात्रै खोज्ने तिनै छैन कुनै कामधन्दा
बिग्रदै गाछ हाम्रो नेपाल झनै हिजो भन्दा
यस्तो अन्याय अत्याँचार गर्छौ कतिन्जेल
रोक अब अती भो आफ्नै देशमाथि खेल

चुनाव आउदा घरमा आउछन सबै धोम्न
थाहा पाउथे होला अरुझै पर्ने भए भोग्न
बेच्न ठालिसके कर्णाली राप्ती अनि भेरि
लुक्न ठाल्छनजनतालाई दुःख पर्दा खेरि

कुनै बेला ज्यान गुमाउने नेपालका वीर
ऐले आएर युवाञ्जति खाडि मुलुक तिर
सिङ्गो नेपाल टुक्रा भयो राजनीतिले गर्दा
मलामी नि पाईन छाड्यो यहाँ मान्छे मर्दा

*(नौबहिनी गाउँपालिका ५, डामृ प्यूठान)*

## गजल



**निम बहादुर शाही (रातोमुला)**

**ऐरावती गा.पा.-२ ददेरीपाट**
**प्यूठान**
**हाल साउदी अरबिया**

कसरी भुलौं त्यो आपतमा फसेको पल।
जुनकिरिको बतिमाँझ रम्दै बसेको पल।

त्यो सिर सिर हावा ओसिलो रात संगै,
मुटु काम्यो भन्दै अंगालोमा कसेको पल।

लडबडिदै कस्सा करिसको खेलमा हामि,
ओकल्दै बीस कालो नागले डसेको पल।

निश्रुक्क थियौ आलस्यमै हामी दुबै जना,
ओसिलो रात तप्प तप्प शीत खसेको पल।

के के भयो ओसिलो रात संगै बिहानि पख,
अनुहारको दाग मेटाउन शीत घसेको पल।

कसरी भुलौ त्यो आपतमा फसेको पल।
जुनकीरीको बती माझ रम्दै बसेको पल।

## रोचक/प्रेरक प्रसङ्ग

### संसारकै विरही गीत, जसलाई ६२ वर्ष प्रतिबन्ध लगाइयो



मानिस प्रेममा हुँदा रोमान्टिक गीत मन पराउँछ। मन दुख्दा दुःख र विरहका गीत सुन्न मन पराउँदछ।

कतिपय यस्ता गीतहरू हुन्छन् जसलाई पटक-पटक सुन्न मन लाग्दछ । यस्ता केही गीत-संगीत हुन्छन् जुन सुनिसकेपछि मानिसहरू अकारण नै दुःखी हुन्छन्, छटपटाउँछन्।

त्यस्तै एउटा गीत थियो, जुन सुनेर धेरै मानिसहरूले आत्महत्या गरे । उक्त गीतलाई मानिसहरू संसारकै सबैभन्दा विरही तथा विषादपूर्ण गीत अर्थात The Hungarian Suicide Song पनि भनिन्छ।

यो गीत यति खतरनाक थियो कि धेरै मानिसहरूले आत्महत्या गर्न थालेपछि गीतमाथि प्रतिबन्ध नै लगाउनु परेको थियो, र त्यस्तो प्रतिबन्ध ६२ वर्षसम्म कायम रह्यो।

उक्त गीतको बोल ग्लूमी सन्डे (Gloomy Sunday) हो । हंगेरीका संगीतकार रेजसो सेरेसले तयार गरेका थिए । सन् १९३३ मा उनले ग्लूमी सन्डे वा स्याड सन्डेको नामबाट उक्त गीततयार पारेका थिए। उनले उक्त गीतलाई प्रेमसँग जोडेर तयार गरेका थिए। तर गीतले यतिधेरै पीडा थपिदियो कि यो गीत सुनिसकेपछि मानिसहरू आफैं रुने गर्दथे।

गीतमा यतिधेरै पीडा थियो कि गीत सुनेर केही मानिसहरूले आत्महत्या गरे । ग्लूमी सन्डे गीत सुनेर सबैभन्दा पहिले आत्महत्या गरेको घटना बर्लिनमा सार्वजनिक भयो । त्यहाँ एक युवकलाई गीत सुनिसकेपछि यतिधेरै पीडा परेछ कि उनले आफैंलाई गोली हानेर हत्या गरे । त्यस्तै न्युयोर्कमा एक वृद्धले गीत सुनेर ७औँ तलाबाट हाम फालेर आत्महत्या गरे भने हंगेरीमा एक १७ वर्षीया किशोरीले नदीमा हाम फालेर आत्महत्या गरिन्।

गीतका कारण आत्महत्याका घटनामा वृद्धि भएसँगै उक्त गीतलाई ६२ वर्षका लागि प्रतिबन्धित गरियो। उक्त गीत सुनेर कसैले आत्महत्या नगरुन् भन्नका लागि गीतलाई पुनः कम्पोज गरिएको थियो। तर त्यसपछि पनि आत्महत्याको क्रम रोकिएन। अन्ततः सन् १९४१ मा गीतलाई प्रतिबन्धित गरिएको थियो।

यद्यपि सन् २००३ मा यो गीतमाथिको प्रतिबन्ध हटाइएको थियो । यो गीत अहिले युट्युबमा पनि उपलब्ध छ । तर आजका मानिसहरू आखिर यो गीतमा के त्यस्तो चिज छ जसका कारण इतिहासमा मानिसहरूले भटाभट आत्महत्या गरेका थिए भन्ने कुरा बुझ्न सकेका छैनन्।

यो विरही गीतका रचनाकार रेजसो सेरेजले पनि वास्तवमा प्रेमसम्बन्ध टुटेपछि यो गीत लेखेका थिए । उनकी एक प्रेमिका थिइन् जसलाई उनी निकै प्रेम गर्दथे । अर्कोतर्फ उनले आफ्नो पहिचान स्थापित गर्नका लागि संघर्ष गरिरहेका थिए तर सफलता मिलिरहेको थिएन। उनी राम्रो पियानोबादक थिए र त्यहीँ क्षेत्रमा करिअर बनाउन चाहन्थे तथापि सफलता मिलिरहेको थिएन। त्यहीँ सयमा उनकी प्रेमिकाले उनलाई धोका दिइन्। प्रेममा पाएको धोकाले सेरेस विक्षिप्त बने र प्रेमिकाको यादमा एक गीत तयार पारे। उक्त गीत विस्तारै यतिधेरै लोकप्रिय बन्यो कि प्रेममा धोका खाएकाहरुको मनपर्ने गीत बन्यो। साथै उक्त गीत सुनेर आत्महत्या गर्ने सिलसिला पनि सुरु भयो।

**एजेन्सीको सहयोगमा**

## केटाहरू साँचो माया पाएपछि के गर्छन् ?




हामी तपाईंहरुलाई सधै प्रेरणादायी कुराहरु दिने गरेका छौ। प्रेरक भनाईहरु, मनछुने लाईनहरु र साथ् साथै सुन्दर जीवनको लागि स्वास्थ्य सम्बन्धि जानकारीहरु पनि पस्किने गरेका छौ । आशा छ हाम्रो यी जानकारीहरुले तपाईंहरुलाई केहि न केहि सहयोग अवश्य पनि पुर्याइरहेको छ। आज पनि हामीले यहाँ तपाईंहरु माझ एउटा जानकारीमुलक कुरा लिएर आइसकेका छौ।

भनिन्छ मायामा नै संसार अडिक छ। साँचो माया त्यही हो जसले आपतमा सहयोग गर्छ, जो जहाँ एक अर्काका लागि तन, मन, धन सबै किसिमले सहयोग, समर्पण गर्ने र संघर्ष गर्न सक्ने क्षमता हुन्छ अनि एक अर्काप्रति अटुट विश्वास र दृढ निश्चय हुन्छ। माया आकाश भन्दा असिम छ, सागर भन्दा गहिरो छ, पवन झै चञ्चल अनि सामुन्द्रीक पानी भन्दा कञ्चन छ माया अपार छ, विशाल छ अनि माया महान छ। मायामा आत्मियता छ, मधुरता छ, विशाल छ अनि मायामा भावुकता पनि छ। मायाको उद्गम बिन्दु एउटै हो।

माया विश्वास हो, मायामा आत्मसन्तुष्टि, सद्विचार, सद्भावना र सद् चरित्र छ भन्ने कुरामा दुई मत नहोला। मायामा सर्मपण, दया, करुणा, सहयोगी भावना हुनैपर्छ। मायामा सुख, आनन्दका सारा संसारको खुसीमा नै मायामा छ। प्रत्येक व्यक्तिको जिन्दगीमा यस्तो समय आउँछ जब उ कसैलाई माया गर्छ र आफूले माया गरेकोले आफूलाई पनि माया गरोस भन्ने चाहन्छ।

यदि कसैले कोहीसंग माया गर्छ भने उसको जीवनमा केही न केही परिवर्तनहरु आउछन्। तर साँचो माया पाएपछि केटाहरु के गर्छन् भन्ने बारेमा ६ वटा सुत्रहरु यसप्रकार छन्।

१. कसैसंग साँचो माया भएपछि केटाहरु बेकारको कुराहरु गर्न छोडिदिन्छन्। उनीहरु आफ्नो पार्टनरसंग बसेर भविष्यका कुराहरु गर्न मन पराउछन्।

२. साँचो माया पाएपछि केटाहरु यो कुरालाई कसैको अगाडी लुकाउन चाहादैनन्। साथी, भाई, बहीनीहरुसंग आफ्नो पार्टनरलाई भेटाउछन्।

३. माया बसेपछि केटाहरु केटीको परिवारसंग भेट्न र उनको परिवारको बारेमा जान्नको लागि आतुर हुन्छन्।

४. केटाहरु भविष्यलाई लिएर चिन्तित हुन्छन्। यसको बारेमा कुरा पनि गर्छन्।

५. जब कोही केटाको साँचो माया बस्छ त अचानक केटाहरु चाहिएको भन्दा बढी केयरिंग हुने गर्दछन्। उनीहरु आफ्नो मायालुलाई केहि चिन्ता नहोस भन्नेतिर नै सोची राखेका हुन्छन्।

६. माया बसेपछि अचानक केटाहरुको केटीप्रती विश्वास बढ्न थाल्छ।

एजेन्सिको सहयोगमा

## स्वस्थ र सुन्दर संसार, स्तनपान एकमात्र आधार

### स्तनपान सम्बन्धी महत्वपूर्ण सन्देशहरु

- आमाको दुध शिशुका लागि अमृत समान हो । शिशु जन्मेको एक घण्टाभित्रै आमाको दुध चुसाउनुपर्दछ ।
- आमाको पहेलो बिगौती दुध शिशुका लागि पहिलो खोप हो । यसमा रोगसँग लड्न सक्ने तत्वहरु हुन्छन् ।
- शिशुलाई जन्मेदेखि ६ महिनासम्म आमाको दुध मात्रै खुवाउनुपर्छ ।
- शिशुलाई चाहिने पानी समेत आमाको दुधमा नै हुने हुनाले ६ महिनासम्म आमाको दुध बाहेक पानी पनि खुवाउनु पर्दैन ।
- शिशु ६ महिना पुरा हुनासाथ आमाको दुधका साथ साथै पोषिले थप आहार खुवाउन थाल्नुपर्छ, कम्तिमा २ वर्षसम्म थप आहारका साथै स्तनपानलाई पनि निरन्तरता दिइरहनुपर्दछ ।
- नियमित स्तनपान गराउने आमाहरुको स्तन र पाठेघरमा क्यान्सर हुने सम्भावना पनि धेरै कम हुन्छ ।
- पूर्ण स्तनपान गराएका बच्चाहरुको दिमागी क्षमता पूर्ण स्तनपान नगराकाको भन्दा तीक्ष्ण हुने अध्यनहरुले प्रमाणित गरेका छन् ।
- स्तनपान गर्न नपाएका शिशुहरु पछि गएर झगडालु स्वभाव हुने, अरुसँग घुलमिन गर्न नसक्ने र अपराधिक कार्यहरुमा लाग्ने सम्भावना बढि हुने कुरा पनि अनुसन्धानबाट पत्ता लागेको छ ।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान

तपाइको घर तथा अफिस अफिसको साथी .......
# हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स
प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)

घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......
# राज डेकोर होम
9857821586

घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ

## जिल्ला निर्वाचन कार्यालय प्यूठानको सुचना

यहि मिति २०७८ साल मंसिर १७ गतेदेखि २६ गतेसम्म स्वर्गद्वारी नगरपालिका, सरुमारानी गाउँपालिका, गौमुखी गाउँपालिका, झिमरुक गाउँपालिका तथा मंसिर २९ गतेदेखि पुस ९ गतेसम्म माण्डवी गाउँपालिका, ऐरावती गाउँपालिका, नौबहिनी गाउँपालिका र प्यूठान नगरपालिकामा फोटो सहितको मतदाता नामावली दर्ता कार्यक्रम सञ्चालन हुने भएकोले नेपाली नागरिकता बनाई फोटो सहितको मतदाता नामावली दर्ता हुन बाँकी रहेका नेपाली नागरिकहरु आ-आफ्ना स्थानीय तहको केन्द्रमा गई अनिवार्य रुपमा आफ्नो नाम दर्ता गराउनुहुन अनुरोध गरीन्छ ।

राजन श्रीवास्तव
कार्यालय प्रमुख
तथा
जिल्ला निर्वाचन कार्यालय, प्यूठान

## स्वास्थ्य मापदण्डको पालना गरौं

कोरोना संक्रमणदर घटेको मात्र हो : पूर्ण रुपमा हटेको छैन । त्यसैले सचेत र सतर्क रहौं । विद्यालय तथा अन्य जमघटमा जाँदा स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान